मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २२६ • २०८२ साल असार १५ गते आइतबार • Sunday 29, June 2025 • सूर्योदयः बिहान ५:१४ बजे • सूर्यास्तः साँझ ७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## बारमा कुर्मीको नेतृत्व

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल बार एसोसिएसन, पर्सा जिल्ला अदालतको अध्यक्षमा अधिवक्ता रामनारायण कुर्मी निर्वाचित भएका छन् ।
शनिबार भएको मतगणनामा उपाध्यक्षमा अनिरुद्ध्र प्रसाद सिंह, सचिवमा प्रतिमा कुमारी चौरसिया, कोषाध्यक्षमा अभयकुमार दास चयन भएका छन् । यस्तै, सदस्यहरुमा जितेन्द्र पटेल, सुदामा प्रसाद दहित, आशुतोष तिवारी, नरेन्द्र कुमार साह, रोशनी श्रेष्ठ, विनोदकुमार दास, श्रीराम राउत कुर्मी, र राजेश्वर प्रसाद यादव निर्वाचित भएका छन् ।

# मधेश प्रदेशको बजेटमा जताततै कमिसनको गन्ध

**दिपक कर्ण**
**जनकपुरधाम ।**
मधेश प्रदेशको आगामी आर्थिक वर्ष २०८२–८३ को बजेटमाथि तीव्र विवाद र गम्भीर आरोप सतहमा आएका छन् । कमिसन लिएर योजना बिक्री, बिचौलिया र दलालको संलग्नता र पार्टीभित्रैको आन्तरिक असन्तुष्टिले बजेटलाई अनिश्चितताको भूमरीमा धकेलेको छ । नेपाली कांग्रेसका नेता तथा पूर्वअर्थ राज्यमन्त्री उदय शमशेर जबराले बागमती र मधेश प्रदेशका कांग्रेस नेतृत्वको बजेटप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।
उनले एमालेका अर्थमन्त्रीले तुलनात्मक रूपमा व्यवहारिक बजेट ल्याए पनि कांग्रेस नेतृत्वमा रहेको प्रदेशहरूले लज्जास्पद बजेट प्रस्तुत गरेर पार्टीकै इज्जत धूलोमा मिलाएको आरोप लगाए । उनले भने, 'हाम्रो कांग्रेसका अर्थमन्त्रीहरूले ल्याएको बजेट यस्तो छ कि अब अलिकति अर्थतन्त्र बुझ्ने हामी कांग्रेसीहरूले त मुख छोपेर हिँड्नुपर्ने अवस्था आएको छ ।' सर्वाधिक विवादमा परेको बजेटमाथि सबैभन्दा गम्भीर आरोप भने मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादवमाथि लागेको छ ।
उनलाई ५ प्रतिशत कमिसन लिएर योजना समावेश गरेको आरोप लाग्दै आएको छ । यी सबै काम नेपाली कांग्रेस मधेश प्रदेश सभापति तथा संसदीय दलका नेता कृष्णा यादवको निर्देशनमा भएको आरोप छ । स्रोतका अनुसार पार्टीकै सांसद, नेताहरूको योजना हटाएर बिचौलिया र दलालसँगको मिलेमतोमा योजना राखिएको छ । आर्थिक चलखेलको मुख्य पात्रका रूपमा सन्तु यादवको नाम अग्रपङतिमा छ यादवले प्रदेशका महत्वाकांक्षी योजना काटेर दलालको योजना अगाडि सारेका छन् । बजेटमा समावेश गरिएको ९७ करोड ६० लाख रुपैयाँ बराबरको 'पौष्टिक आहार' योजना सबभन्दा विवादास्पद बनेको छ ।
कार्यान्वयनको कुनै सम्भावना नभएको, प्रभावशाली व्यापारीसँग २० करोड रुपैयाँ कमिशनको लेनदेन गरेर योजना जबर्जस्ती राखिएको आरोप सार्वजनिक भएको छ । यस योजनाको पछाडि प्रदेश सभापति कृष्णा यादवकै निर्देशन र अर्थमन्त्री सुनिल यादवको निर्णय रहेको बुझिएको छ । विश्वस्त स्रोतका अनुसार मधेश प्रदेशको बजेट निर्माणमा ५ प्रतिशतदेखि १० प्रतिशतसम्मको कमिशन लिएर योजना समावेश गरिएको छ । यसको कुल रकम करिब ८ अर्ब रुपैयाँसम्म पुगेको बताइएको छ ।
जनमत पार्टीका अध्यक्ष सीके राउतले सामाजिक सञ्जालमार्फत बजेटमाथि कटु आलोचना गरेका छन् । उनले लेखेका छन्, 'जनताको २ हजार योजना बराबर बिचौलियाको एउटै योजना !' उनले पौष्टिक आहार योजना कार्यान्वयनमा नभएको र बजेट नै बाँडेर खाने माध्यम बनेको भन्दै सरकारको आलोचना गरेका छन् । कांग्रेसकै उपसभापति वीरेन्द्र प्रसाद सिंहले बजेटलाई 'व्यक्तिवादी र बिचौलियामुखी' भनेका छन् भने वरिष्ठ नेता रामसरोज यादवले 'सिद्धान्तहीन र औचित्यहीन बजेट' भन्दै असन्तुष्टि जनाएका छन् । नेकपा एमालेका केन्द्रीय सदस्य संजीव कुमार सुरजले मधेश प्रदेश सरकारलाई संघीयताको नाममा बनेको भ्रष्टाचारको अखाडाको संज्ञा दिएका छन् । उनले स्वास्थ्य, शिक्षा, पूर्वाधारजस्ता संवेदनशील क्षेत्रको बजेट कटौती गर्दै बिचौलिया प्रवेश गराइएको योजनामा करोडौँ खर्च गर्ने काम भएको बताए । बजेट पारित गर्न बोलाइएको संसद बैठक समेत अनिश्चितकालका लागि स्थगित गरिएको छ । कांग्रेसकै कतिपय वरिष्ठ सांसदहरू, नेताहरूको योजना हटाइएका छन् भने मुख्यमन्त्री सतिश कुमार सिंहको समेत निर्देशनमा तयार गरिएका योजनाहरू अर्थमन्त्रीको समूहले संशोधन गरेको जनाइएको छ ।
यस विवादले कांग्रेसभित्र आन्तरिक फुट र नेतृत्वमा असन्तुष्टि चुलिएको छ भने प्रदेश सरकारको स्थायित्व र विश्वसनीयता नै संकटमा परेको देखिएको छ । बजेटले प्रदेशभित्र मात्र नभई संघीय राजनीति र दलभित्रको शक्ति सन्तुलनमा समेत असर पार्ने सम्भावना देखिएको छ ।

## पूर्वराष्ट्रपति एमालेको राजनीतिमा फर्कने घोषणा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेको राजनीतिमा सक्रिय हुने औपचारिक घोषणा गरेकी छन् । यसले नेकपा एमाले र अन्य राजनीतिक दलमा पनि तरंग आएको छ । उसो त पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पनि नेकपा माओवादी केन्द्रको राजनीतिमा फर्किएर उपाध्यक्षसरहको हैसियतमा काम गर्न थालेका छन् ।
मदन भण्डारीको जन्मजयन्ती पारेर मदन भण्डारी फाउन्डेसनले गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने उद्देश्यका साथ एमाले परिवारको एक सदस्यको रुपमा पुनः जोडिएको घोषणा गरेकी हुन् । उनले भनिन्, 'अब म नेकपा एमाले परिवारको एक सदस्यको रूपमा पुनः जोडिएको छु र यसमा म गर्व गर्दछु । मेरो कुनै विशिष्ट महत्वाकांक्षा छैन ।'
उनले देश र जनताको हित नै आफ्नो ध्येय र लक्ष्य रहेको बताइन् । उनले भनिन्, 'जननेताले भन्ने गर्नुहुन्थ्यो, जनता भनेका भगवान हुन् । साथै उहाँले भन्नुभएको थियो, राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन । आज तपाईंहरूका बीचमा हुँदा मदनका यी भनाइहरू मैले पुनः स्मरण गर्दै यहाँ उल्लेख गरेको छु । व्यवहारका कसीबाट खारिएका यी भनाईलाई आदर्श मानेर म समर्पित बनिरहनेछु ।'
राजनीतिक यात्रामा आजका दिनसम्म आइपुग्दा राजनीतिक उतारचढावले धेरै कुरा सिकाएको र बुझाएको बताउँदै उनले थप परिपक्क समेत बनाएको बताइन् । पूर्वराष्ट्रपति भण्डारीले थपिन्, 'मलाई जस्तै विगतले अरुलाई पनि महत्वपूर्ण शिक्षा र अनुभव अवश्य दिएको छ । समयको पदचापलाई राम्रोसँग बुझेर र त्यसलाई आत्मसात गरेर संयमतापूर्वक अग्रसर हुनुपर्दछ । सदा झैँ सबैको सधैँभरि माया र विश्वास पाइरहुँ ।'
भण्डारीले एमालेमा पुनः जोडिएको घोषणा गर्दा सभागृहको हलमा ताली गुन्जिएको थियो । जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सामाजिक–आर्थिक रूपान्तरण गर्ने दायित्व बाँकी नै रहेको उनले बताइन् ।
मदनपत्नी विद्याले भनिन्, 'यस्तो महत्वपूर्ण दायित्व पूरा गर्न नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाहको रूपमा विकसित नेकपा एमाले सक्षम हुनेछ र निर्णायक राष्ट्रिय शक्ति निर्माण गरी यसलाई अक्षुण्ण राख्दै नेपाललाई विश्वसामु एक समुन्नत राष्ट्रको रूपमा चिनाउन एमालेलाई सफलता मिल्नेछ भन्ने दृढ विश्वाससमेत लिएको छु ।

## बलात्कारी 'बाबा'को संस्थामा बजेट विनियोजन

मधेश प्रदेश सरकार बजेट विवादमा एकपछि अर्को गर्दै फस्दै गएको छ । पछिल्लो घटनाक्रममा सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले भारतमा बलात्कार अभियोगमा आजीवन कारावासको सजाय भोगिरहेका विवादास्पद बाबा आशाराम बापूको नाममा बजेट विनियोजन गरेको खुलासा भएको छ । सार्वजनिक भएको रातो किताबअनुसार मधेश सरकारको समाज कल्याण मन्त्रालयले जनकपुरधाम उपमहानगरपालिका–१९ स्थित 'सन्त श्री आशाराम बापू योग वेदान्त सेवा समिति' नामक संस्थाको नयाँ तथा अधुरो भवन निर्माणको स्तरोन्नति शीर्षकमा जम्मा ३० लाख रुपैयाँ छुट्याएको छ । यीमध्ये, १५ लाख रुपैयाँ खेलकुद मन्त्रालयद्वारा र बाँकी १५ लाख रुपैयाँ सामाजिक विकास इकाइ कार्यालय जनकपुरधाम मार्फत विनियोजन गरिएको हो । उल्लेखित आशाराम बापू भारतका चर्चित कथावाचक हुन् । उनलाई सन् २०१८ मा १६ वर्षीया बालिकामाथि बलात्कार गरेको अभियोगमा दोषी ठहर गर्दै भारतीय अदालतले आजीवन कारावासको सजाय सुनाएको थियो । त्यसयता, भारतको धार्मिक र सामाजिक क्षेत्रमा उनी निकै विवादित र बहिष्कृत पात्र बनेका छन् । व्यक्तिको नाममा संस्थाले रकम माग्नु र प्रदेश सरकारले छुट्याउनु नै नैतिक दृष्टिले लापरबाही हो । खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जैसवालले यसबारे असहमति जनाएका छन् । उनले भने, 'आशाराम बापूकै नाममा मिल्दैन । कुनै संस्थाहरू कसैको नाममा दर्ता भएको होला, कसैले मागेको होला । मलाई पनि याद भएन । सबै योजना हामीले हाल्ने होइन । त्यस्तो योजना छ भने चल्दैन, चलाउन पनि हुँदैन ।' मधेश प्रदेश सरकारले असार १ गते बजेट प्रस्तुत गरेको थियो । तर, त्यसलगत्तै बजेटमाथि कुनै विस्तृत बहस हुन नपाउँदै संसद असार ११ गते अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

## मुख्यमन्त्रीका बुबाको अधुरो योजनामा १ करोड ८० लाख !



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ को बजेटमा कानूनविपरीत ढंगले राजविराजस्थित कन्या छात्राबास निर्माण समितिलाई १ करोड ८० लाख रुपैयाँ भुक्तानी दिने योजना अगाडि सारेको खुलासा भएको छ । भारतीय दूतावासको आर्थिक सहयोगमा दुई दशकअघि शुरु गरिएको यो छात्रावासको निर्माण अझै अधुरो छ । तर, प्रदेश सरकारले कार्यान्वयन नभएको, अलपत्र योजनामा प्रत्यक्ष रूपमा मुख्यमन्त्रीका बुबालाई लाभ पुग्ने गरी बजेट छुट्याएको भन्दै आलोचना शुरु भएको छ । छात्राबासको निर्माण कार्य २०६२ मा शुरु भएको थियो । भारतीय दूतावासको अनुदानमा तत्कालीन जिल्ला विकास समितिको संयोजनमा निर्माण समिति गठन गरिँदै शेखर कुमार सिंहको अध्यक्षतामा काम थालिएको थियो ।
तर, समयमै काम नसकिँदा र बजेट 'घाटा' देखाउँदै निर्माण समितिले जिम्मेवारी अधूरै छाडेको थियो । यही अधूरो योजनामा पुनः बजेट छुट्याएर 'बाँकी भुक्तानी' दिने निर्णयले प्रदेश सरकारमाथि पक्षपात, सत्ता दुरुपयोग र पारिवारिक लाभको आरोप लाग्न थालेको हो ।
सन्देह र विवाद झनै चुलिएको छ । किनभने निर्माण समितिका अध्यक्ष शेखर कुमार सिंह मुख्यमन्त्री सतिश कुमार सिंहका बुबा हुन् । शेखर सिंह अहिले लोकतान्त्रिक समाजवादी पार्टीका तर्फबाट राष्ट्रिय सभाका सांसदसमेत रहेका छन् । यस प्रसङ्गमा पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले भने, 'छात्राबास बनाउने बहानामा पुरानो, राजनीतिक रूपमा आवद्ध व्यक्तिका लागि बजेट ल्याइएको हो । प्रदेश नै नरहेको बेला शुरु भएको योजनामा अहिले आएर बजेट छुट्याउनु पदको चरम दुरुपयोग हो ।' कानूनविद्हरूको अनुसार संघीय सरकार वा तेस्रो पक्षको आर्थिक साझेदारीमा शुरु भएको योजना प्रदेश सरकारद्वारा 'प्रत्यक्ष' रुपमा पूरा गरिनु कानूनी रूपमा मिल्दैन । अझ काम सम्पन्न नगरेको निर्माण समितिलाई बाँकी भुक्तानी दिनु त झनै आपत्तिजनक विषय हो । यस विषयमा मुख्यमन्त्री सतिश कुमार सिंहले भने, 'नबन्दा पनि समस्या, बन्दा पनि समस्या । जसरी भए पनि कन्या छात्रावास सञ्चालनमा ल्याउनेछु ।'

## साहको निधनप्रति काँग्रेसको श्रद्धाञ्जली



**राहुल गुप्ता**
**बारा ।**
बारा जिल्लाको परवानीपुर गाउँपालिका वडा नं. ५ नौतन निवासी नेपाली काँग्रेसका वरिष्ठ नेता योगेन्द्र प्रसाद साहको ७२ वर्षको उमेरमा शनिबार बिहान ८:३० बजे निधन भएको छ । स्व. साह नेपाली काँग्रेसका पूर्व उपप्रधान पञ्च, पूर्व इकाई सभापति तथा क्षेत्रीय प्रतिनिधिका रूपमा लामो समयदेखि पार्टीमा सक्रिय थिए ।
उनको निधनले पार्टीले एक अनुभवी अभिभावक, समर्पित नेता तथा समाजसेवक गुमाएको काँग्रेसले जनाएको छ । पार्टीले श्रद्धासहित राष्ट्रिय झण्डा ओढाएर उनलाई सम्मानपूर्वक अन्तिम विदाई गरेको हो । नेपाली काँग्रेस बारा जिल्ला सभापति राजेश राय यादव, क्षेत्र नं. ४ का सभापति सुनिल गुप्ता, क्षेत्र नं. ४(ख) का सभापति लोकेश सिंह, केन्द्रीय महाधिवेशन प्रतिनिधि जगदीश साह कानु, नेपाल तरुण दलका केन्द्रीय सदस्य राजकिशोर गुप्ता, जिल्ला सदस्य रवि साह, पूर्व इकाई सभापति मोहनलाल दास, वडा अध्यक्ष रामेश्वर साह कलवार, समाजसेवी राजन दास लगायतको उपस्थिति रहेको थियो । नेपाली काँग्रेसले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

## पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाइ




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको सहकार्यमा र टिभी वीरगंजको सहजीकरणमा शनिबार बिपिसी कलेज सभाहलमा सार्वजनिक सुनुवाई भएको छ । कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह तथा प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण थिए । कार्यक्रममा नगरबासीले खानेपानी, सरसफाइ, सडक, ट्राफिक, नदी प्रदुषण लगायतका जनसरोकारका विषयमा गुनासो र सुझाव प्रस्तुत गरेका थिए । नगर प्रमुख सिंहले जनताका सवाल गम्भीरतापूर्वक लिई समाधानका लागि आवश्यक निर्णय गरिने बताउनुभयो । कार्यक्रम सञ्चालन रेडियो वीरगंज तथा टिभी वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले गरेका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रमले नगरबासी र महानगरपालिकाबीच पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्व कायम गर्न महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ ।

हार्दिक बधाई



रेडियो वीरगंज ९९ मेगाहर्ज स्थापनाकालदेखि नै संलग्न रहनु भएका हाम्रा अभिभावक, नेपाल प्रेस युनियन पर्साका पूर्वअध्यक्ष, मिलनसार एवम् बौद्धिक व्यक्तित्व अधिवक्ता रामनारायण कुर्मी नेपाल बार एसोसिएसन पर्साको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकामा सफल कार्यकालको कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौँ । सिंगो कार्यसमितिलाई नै हार्दिक बधाई ।

ध्रुव साह
अध्यक्ष

Tv BIRGUNJ · RADIO Birgunj · मधेशदृष्टि राष्ट्रिय दैनिक · 95.5 FM

# असारको तेस्रो साताभित्रै भुक्तानी माग गर्न अनुरोध

**वीरगंज ।**
पूर्वाधार विकास कार्यालय वीरगंजले चालु आर्थिक वर्ष २०८१÷८२ मा सम्झौता भएका योजनाहरूको भुक्तानी चालु आर्थिक वर्ष सम्पन्न हुनुभन्दा एक साताअघिसम्म मात्र भुक्तानी हुने जनाएको छ । कार्यालयले आव २०८१÷८२ मा सम्झौता भएका योजनाहरूको भुक्तानीको लागि आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३० (७) र (८) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडीसम्म मात्र भुक्तानी हुने बताएको छ । पूर्वाधार विकास कार्यालय वीरगंजका कार्यालय प्रमुख लालबाबु रायले असार महिनामा भुक्तानी कार्यमा अत्यधिक चाप हुने र आइपिएफएम प्रणालीमा पनि सोहीअनुरूप चाप पर्ने भएकाले यस कार्यालयमा सम्झौता भएका योजनाहरूको भुक्तानीको लागि आवश्यक कागजातहरू तोकिएको समयभित्रै पेस गर्नका लागि अनुरोध गरेका छन् । 'भुक्तानीका लागि आवश्यक पर्ने निवेदन, बिल भर्पाइ, अनुसूची फारमहरू, मूल्याङ्कन बिलसहित यस कार्यालयमा असार १८ गतेसम्म आवश्यक कागजातसहित निवेदन दिनुहुन अनुरोध छ', प्रमुख रायले भने, 'तोकिएको समयभित्र दर्ता हुन नआएमा कार्यालय जवाफदेही नहुने र सोको भुक्तानी छुट भए सोको जवाफदेहिता सम्बन्धित उपभोक्ता समितिहरू, निर्माण व्यवसायीहरू र सरोकारवालाहरू स्वयं नै रहन सूचना सरोकारवालालाई जानकारी गराइन्छ ।' रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय, गितामन्दिर रोड, वीरगंजको
## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिको मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०३/३० गते सोमबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

**क**) कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय ,त्रिपुरेश्वर,काठमाडौंमा मिति २०८०/०२/०२ गते दर्ता भै दर्ता नं. ३१३०२९/७९/०८० औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली अनुसार अनुसुचि ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, विरगंजमा मिति २०७७/०७/२३ गते दर्ता भै उद्योग दर्ता नं.१२१७२/०७७/०७८, अन्तर्गत दर्ता कायम भई जिराभवानी गा.पा. ०६, पर्सामा कार्यालय रहेको भण्डारी एकिकृत कृषि फर्म प्रा.लि.को प्रोप्राईटर स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिति २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

**ख**) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

**कर्जाको प्रकार:- व्यापारीक अधिविकर्ष कर्जा, व्यापारीक आवधिक कर्जा, घर कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

**क**) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बिरगजं वडा नं १४ स्थित किता नं २७३ र २७४ को जम्मा क्षेत्रफल क्रमश ८४.६५ र ६७.७२ वर्ग मिटर को घरजग्गा ।

ख)स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी**को** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०९ स्थित किता नं. ५ र १९ को जम्मा क्षेत्रफल क्रमश ००५७५ र ००१९० वर्ग मिटर को जग्गा ,जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं. २४० को जम्मा क्षेत्रफल ५४५१.९४ वर्ग मिटर को जग्गा तथा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.४५ को जम्मा क्षेत्रफल १७३३५ वर्ग मिटर को जग्गा ।

ग)स्व. कासी भण्डारी थारुको बुहारी, विकाउ प्रसाद भण्डारीको पत्नी जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ८४९३०९८१ जारी मिति २०४५/०१/०१ जि.प्र.का. पर्सा) बर्ष ६८ की **प्राणो देवी थरुनीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.१४,१५ को जम्मा क्षेत्रफल क्रमश ०१०२०, ११२०० वर्ग मिटर को जग्गा ।

घ) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी**को** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं ४४४,१७१, ४८८, ३२७, ३२४ ,३२६ को जम्मा क्षेत्रफल क्रमश १५६६.१६, ५९२.५८ ,९४८.१४ ,३३८.६३ ,२१२.६७ ,१६९.३० वर्ग मिटर को घरजग्गा तथा जिल्ला पर्सा सुपौलि वडा नं ०३ स्थित किता नं २९८ को जम्मा क्षेत्रफल १७७७.८० वर्ग मिटर को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ८४९३१६७६ जारी मिति २०६२/११/१२ जि.प्र.का. पर्सा) बर्ष ३८ को **अनिल कपुर भण्डारी ।**

**ख**) विकाउ प्रसाद भण्डारीको बुहारी, अनिल कपुर भण्डारीको पत्नी जिल्ला पर्सा, पर्टेवा सुगौली गा.वि.स. वडा नं. ४ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ९०६०२४२८ जारी मिति २०६३/०६/०३ जि.प्र.का. पर्सा) बर्ष ३७ की **रिना कुमारी ।**

**ग**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४१०७२/२३५ जारी मिति २०६८/०९/२९ जि.प्र.का. पर्सा) बर्ष ३० को **सन्तोष कपुर भण्डारी थारु ।**

**घ**) विकाउ प्रसाद भण्डारीको बुहारी, सुनिल कपुर भण्डारी थारुको पत्नी जिल्ला पर्सा, सुपौली गा.वि.स. वडा नं. १ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४६०७९/१६८ जारी मिति २०६७/१२/२४ जि.प्र.का. पर्सा) बर्ष ३० की **सिन्धु कुमारी थारु ।**

**ङ**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४१०७२/७८ जारी मिति २०६६/०३/१७ जि.प्र.का. पर्सा) बर्ष ३१ को **सुनिल कपुर भण्डारी थारु ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० ( नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्ती वा कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार २९ गते आइतबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार ३० गते सोमबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज, बदननगर (बिरगंज) ।


# मुख्यमन्त्री अन्तर–प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिताको उपाधि सुदूरपश्चिमलाई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आयोजना गरेको मुख्यमन्त्री अन्तर–प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता २०८२ को उपाधि सुदूरपश्चिम प्रदेशले जित्न सफल भएको छ । जनकपुरधामस्थित अवध मिथिला सांस्कृतिक धर्मशालाको सभाहलमा भएको फाइनल प्रतिस्पर्धामा आयोजक मधेश प्रदेशलाई ३६ विरुद्ध ३७ अंकले पराजित गर्दै सुदूरपश्चिमले उपाधि कब्जा गरेको हो । फाइनल खेल अत्यन्त प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको थियो । दुबै टोलीले अन्तिम समयसम्म उत्कट प्रयास गरे पनि सुदूरपश्चिमले १ अंकको झिनो अन्तरले मधेशलाई पछि पार्यो । प्रतियोगितामा लुम्बिनी र बागमती प्रदेश समान अंकसहित तृतीय स्थानमा रहे ।
दुवैले १५ हजार रुपैयाँ नगद, कप र कास्य पदक प्राप्त गरे । प्रतियोगितामा प्रथम स्थान ल्याएका सुदूरपश्चिम प्रदेशले नगद २५ हजार, ट्रफी र स्वर्ण पदक, द्वितीय स्थान प्राप्त गरेका मधेश प्रदेशले नगद २० हजार, ट्रफी र रजत पदक तथा तृतीय स्थान प्राप्त गरेका लुम्बिनी तथा बागमतीले नगद १५ हजार, ट्रफी र कास्य पदक पाएका छन् ।
मधेश प्रदेश सरकार अन्तर्गतको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा सम्पन्न प्रतियोगिता असार १२ गतेदेखि शुरु भएको थियो ।

# आधारभूत तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका न्यायीक समितिको आयोजनामा मेलमिलापसम्बन्धी आठ दिवसीय आधारभूत तालिम सम्पन्न भएको छ । तालिममा वीरगंज महानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरूबाट प्रतिनिधित्व गर्दै सहभागीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । तालिम समापन समारोह वीरगंज महानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक इम्तियाज आलमको अध्यक्षतामा सम्पन्न भएको हो । समापन कार्यक्रममा न्यायीक समितिका सदस्य सर्जु महतो, बैजु स्वर्णकारलगायत अन्य पदाधिकारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै उपप्रमुख आलमले न्यायिक समितिले हालसम्म मेलमिलापमार्फत समाधान गरिएका मुद्दाहरूको बारेमा जानकारी गराउँदै मेलमिलाप नै दीगो समाधानको आधार भएको स्पष्ट पारे । सो अवसरमा तालिममा सहभागी महिलाहरू र पुरुषहरूको सक्रिय उपस्थिति प्रशंसनीय रहेको उल्लेख गर्दै उपप्रमुख आलमले सहभागीलाइ प्रमाणपत्र वितरण गरे । तालिमले स्थानीय तहमा वैकल्पिक विवाद समाधान प्रणालीप्रति जनचेतना अभिवृद्धि गर्न र मेलमिलापद्वारा विवाद समाधानमा संलग्न व्यक्तिहरूलाई आवश्यक ज्ञान र सीप प्रदान गर्ने उद्देश्य राखेको थियो ।

# वीरगंजमा भिट्रिफाइड टायल्सको शोरूम सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालकै पहिलो र एकमात्र भिट्रिफाइड टायल्स ब्राण्ड, लेमिनार भिट्रिफाइड टायल्सले वीरगंजमा शोरूम सञ्चालनमा ल्याएको छ । वीरगंजको लिन्करोडस्थित इशा बिल्ड मार्टलाई आधिकारिक डिलर बनाउँदै शनिबार एक समारोहका बीच शोरूम उद्घाटन गरिएको हो । शोरूमको उद्घाटन वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले गरे । कार्यक्रममा बोल्दै मेयर सिंहले स्वदेशी उत्पादनप्रति विश्वास व्यक्त गर्दै नेपाली युवाहरुको साहसी पहलको सराहना गरे । सो अवसरमा उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले गुणस्तरीय र टिकाउ उत्पादनमार्फत नेपाली टायल्सको बजार विस्तार हुने विश्वास व्यक्त गरे । लेमिनार टायल्सका निर्देशकद्धय आशुतोष खेतान र अभिनव चुरिवालले बर्दियाको गुलरियाबाट उत्पादित युरोपेली प्रविधियुक्त टायल्स पानी नछिर्ने, बलियो तथा चार गुणा बढी टिकाउ रहेको जानकारी दिए । कम्पनीले पाँच फरक साइजमा ५०० भन्दा बढी डिजाइनका टायल्स बजारमा ल्याएको छ ।

# एसईईको पूरक परीक्षा साउन २९ देखि हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
एसईईको पूरक परीक्षा आउँदो साउन २९ देखि हुने भएको छ । शुक्रबार प्रकाशित नतिजामा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छन् । बिहान ८ बजेदेखि ११ बजेसम्म हुने परीक्षा साउन २९ देखि भदौ ६ गतेसम्म हुनेछ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षार्थीले पुरानै प्रवेशपत्रबाट परीक्षा दिन पाउने छन् । विद्यार्थीले नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षण गर्न पनि सक्नेछन् । यसका लागि असार २३ गते बेलुकी पाँच वजेसम्म आवेदन दिन सकिने बोर्डले जनाएको छ ।


## माइग्रेसन हराएको सूचना

वीरगंज बजारमा मेरो तपसिल बमोजिमको माइग्रेसन प्रमाणपत्र हराएकाले पाउनु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अथवा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन हार्दिक अनुरोध गर्दछु।
School: National Infotech Sec. School, Birgunj, Parsa
NFB REGD. No: 792340010153
Symbol No: 23400149
Year: 2080
Date Of Issue: 208-5-24
Serial Niumber: M 0791025
**निवदेक: विश्वजीत कुमार पाण्डेय**

# महोत्तरीको मनराशिस्वा नगरपालिका पूर्णखोप सुनिश्चितता घोषणा

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको मनराशिस्वा नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिकाको रूपमा औपचारिक घोषणा गरिएको छ । शनिबार एक कार्यक्रमका बीच नगर प्रमुख मोहन पाण्डेको अध्यक्षतामा आयोजित समारोहमा निर्धारित इन्डिकेटर तथा सूचकांकका आधारमा पालिकालाई यो मान्यता प्रदान गरिएको हो ।




'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नारासहित आयोजित कार्यक्रममा नगरप्रमुख पाण्डेले भने, 'पहिलो चरणमा सबै वडाहरूलाई पूर्णखोप सुनिश्चितता वडाका रूपमा घोषणा गरिसकेपछि हाल नगरपालिका स्तरमै यो उपलब्धि हासिल गरिएको हो ।' स्वास्थ्य शाखाले दिगोपना कायम गर्दै नियमित घरघर सर्वेक्षणमार्फत खोपको अवस्था यकिन गरेको थियो । सर्वेक्षणमा उमेर अनुसार सबै बालबालिकाले खोप पाएको तथ्यांकका आधारमा पालिकालाई पूर्णखोप सुनिश्चितता पालिकाको रूपमा घोषणा गरिएको हो । स्वास्थ्यकर्मीहरूको समर्पण र सक्रियताको प्रशंसा गर्दै नगरप्रमुख पाण्डेले भने, 'उत्साहका साथ गरिएको कार्यले आज हामी यो उपलब्धिमा पुग्न सकेका छौं । यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा पनि अभियानको रूपमा अघि बढाउनु आवश्यक छ ।'

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजेश शर्माले खोप सुनिश्चितता अभियानमा योगदान पुर्याउने सम्पूर्ण कर्मचारीप्रति धन्यवाद व्यक्त गर्दै भने, 'खोपले बालबालिकालाई विभिन्न रोगबाट जोगाउँछ । त्यसैले कुनै पनि बालबालिका खोपबाट वञ्चित हुनुहुँदैन ।' स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुरूपका सबै सूचकहरू पूरा गर्दै मनराशिस्वा नगरपालिका अब स्वास्थ्य सेवामा अग्रगामी पालिकाको रूपमा पहिचान बनाउन सफल भएको छ ।

# चुरेका नाङ्गा डाँडामा हरियाली अभियान



**सिरहा ।**
सिरहा जिल्लास्थित चुरे क्षेत्रका नाङ्गा डाँडाहरू हरियालीमा बदलिने भएका छन् । डिभिजन वन कार्यालय सिरहाले राष्ट्रिय वृक्षरोपण दिवसको अवसर पारेर लहान, गोलबजार, मिर्चैया, कर्जनालगायतका चुरे क्षेत्रमा एकसाथ वृक्षरोपण अभियान थालेको हो । लहान नगरपालिका–१५ मा पर्ने झौवाई खोल्सी चुडियाडाँडा सामुदायिक वन क्षेत्रको खाली जग्गामा वन कार्यालयको संलग्नतामा शनिबार टिक, बाँसपाते, गोल्डमोहर, जामुन, अम्बकलगायत एक हजार ५०० बढी बिरुवा रोपिएको सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले जानकारी दिए ।

उक्त बिरुवाको संरक्षण उपभोक्ता समितिले गर्ने उनले स्पष्ट पारे । लहान–१५ को कोइरालो खोला सामुदायिक वन उपभोक्ता समितिले पनि आँप, कागतीलगायत करिब ५०० फलफूलका बिरुवा वनभित्रको खाली क्षेत्रमा रोपेको समितिका अध्यक्ष रुद्र नारायण चौधरीले बताए ।

'एक नागरिक, एक बिरुवा' भन्ने नारासहित यो महाअभियानले चुरे क्षेत्रका उजाड डाँडाहरूलाई फेरि हरियालीमा परिणत गर्ने लक्ष्य लिएको डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले भने, 'स्थानीय तह, सामुदायिक वन उपभोक्ता समिति र नागरिक समाजको सहकार्यमा थालिएको अभियानले चुरेको वातावरणीय संरक्षणमा ठूलो टेवा पुग्ने विश्वास लिएका छौं ।' चुरेको नाङ्गा डाँडामा गरिएको वृक्षरोपणलाई दिगो रूपमा संरक्षण गर्न आवश्यक रहेको भन्दै उनले ती बिरुवालाई जोगाएर हुर्काउने र वन क्षेत्रलाई स्थायी रूपमा हरियाली बनाउने कार्यमा स्थानीय सामुदायिक वन समितिसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने स्पष्ट पारे । उनले माटोको कटान, भू–क्षय, पानीको अभावलगायत समस्या समाधान गर्न वृक्षरोपणले सहयोग पुर्याउने विश्वास व्यक्त गरे ।

'चुरे पहाड र मधेशबीचको सम्बन्ध केवल भौगोलिक मात्र होइन, जलवायु, जलस्रोत, कृषि, जीविकोपार्जन र वातावरणीय सुरक्षासँग गाँसिएको विषय हो', वातावरणविद् उमेश यादवले भने, 'चुरे संरक्षित रह्यो भनेमात्र मधेश सुरक्षित रहन्छ । कृषि उत्पादन बढ्छ, बाढी र सुक्खा हुनेक्रम घट्छ । भविष्यका पुस्तालाई शुद्ध हावा र पानी उपलब्ध गराउन सकिन्छ । त्यसैले चुरे संरक्षणका लागि गम्भीर, दीर्घकालीन र समन्वित कदम चाल्न आवश्यक छ ।' रासस

# 'राष्ट्रलाई खुवाउने कार्यक्रम' प्रदेश सरकारको नीति कार्यक्रमबाट गायब

**बलिराम कापरी**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा 'राष्ट्रलाई खुवाउने कार्यक्रम' जस्तो दीर्घकालीन, व्यवहारिक र किसानमैत्री योजनालाई पूर्णतः बेवास्ता गरेको छ । नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साह स्वयंले नेतृत्व गरेर विस्तृत अध्ययन, स्थलगत अनुसन्धान र स्थानीय किसानको सहभागितासहित प्रस्तुत गरिएको योजना 'फिड द नेशन (राष्ट्रलाई खुवाउने कार्यक्रम)' प्रदेशको नीति कार्यक्रमबाट गायब भएपछि नीति तहमा नै राजनीतिक पूर्वाग्रहले किसानमाथि अन्याय भएको आरोप उठ्न थालेको छ । डा. साहले यस योजनालाई मधेश प्रदेशको कृषि प्रणाली रूपान्तरण गर्ने ऐतिहासिक अवसरको रूपमा व्याख्या गर्दै यसलाई नसमेटिनु दुःखद र दुर्भाग्यपूर्ण भएको बताए । उनले भने, 'हामीले कृषिमा आमूल परिवर्तन ल्याउने योजनाको खाका तयार गरेका थियौं । तर, सरकार आफैंले यो अवसरलाई बुझ्न नसक्नु वा बुझेर पनि बाइपास गर्नु गम्भीर विषय हो ।'



**के हो राष्ट्रलाई खुवाउने कार्यक्रम?**

'राष्ट्रलाई खुवाउने कार्यक्रम' भन्नाले खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धिदेखि आपूर्ति प्रणाली सुदृढीकरणसम्म समेट्ने दीर्घकालीन र समावेशी योजना हो । यसको मूल उद्देश्य सबै नागरिकलाई भरपर्दो, गुणस्तरीय र सुलभ खाद्य आपूर्ति सुनिश्चित गर्नु हो । खाद्य सुरक्षा सुनिश्चित गर्नु, पोषण स्तर सुधार गर्नु, स्वास्थ्यमा सुधार ल्याउनु, कृषि उत्पादन र विकासमा वृद्धि, गरीबी निवारण, शिक्षा र चेतना अभिवृद्धि, सामाजिक समानता प्रवद्र्धन, दिगो विकासमा योगदान, समुदाय सशक्तिकरण तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण यसका प्रमुख उद्देश्य छन् । मधेश प्रदेशको मुख्य आर्थिक मेरुदण्ड कृषि भए पनि सरकारको नीति तथा कार्यक्रममा कृषिलाई समेट्ने गहिरो योजनाको अभाव रहेको विज्ञहरूको टिप्पणी छ । डा. साहको नेतृत्वमा तयार पारिएको राष्ट्रलाई खुवाउने कार्यक्रम मधेशका किसानहरूको उत्पादनशीलता, आम्दानी र स्वास्थ्य सुधारको संवाहक हुन सक्ने दृढ सम्भावना बोकेको थियो । तर, यो योजना अघोषित रूपमा राजनीतिक द्वन्द्व वा सत्ता समीकरणको कारण अस्वीकृत गरिएको आशंका गहिरिँदै गएको छ । यदि यो कार्यक्रम लागू भएको भए मधेशमा किसानलाई आधुनिक कृषि प्रविधि, उन्नत बीउ, अनुदान र सहुलियतपूर्ण ऋणको पहुँच दिलाउने, सन्तुलित आहारको पहुँचले मधेशका बालबालिका, महिलाहरू र वृद्धहरूको स्वास्थ्यमा गुणात्मक सुधार ल्याउने, स्वस्थ बालबालिकाको शैक्षिक उपलब्धिमा वृद्धि, सीप विकास कार्यक्रममार्फत रोजगारदातामुखी जनशक्ति उत्पादन, दलित, जनजाति, अपांगता भएका र सीमान्तकृत समुदायलाई लक्षित कार्यक्रमले सामाजिक न्याय प्रवद्र्धन, जलवायु परिवर्तनको जोखिम कम गर्ने वैकल्पिक प्रविधिहरू जैविक कृषि, सूखा सहनशील बाली र पुनः उपयोगी सिंचाइ प्रणालीको विस्तार देखिन सकिन्थ्यो । यस कार्यक्रमले अल्पकालीन राजनीति मात्र नभई दीर्घकालीन विकास दृष्टिकोण बोकेको थियो । यदि कार्यान्वयन हुने हो भने मधेश प्रदेश मात्र नभई समग्र मुलुकले स्वस्थ, शिक्षित र समावेशी समाज निर्माण गर्ने यात्रामा गम्भीर उचाइ लिन सक्थ्यो । नीति आयोगकै उपाध्यक्षले पेश गरेको योजनालाई सरकारले किन अस्वीकार गर्यो भन्ने विषयमा सरकारको स्पष्ट जवाफ छैन । विश्लेषक भन्छन्, 'संघीय सरकारमा कांग्रेस र एमालेले वर्षौंदेखि नीति निर्माणलाई राजनीति केन्द्रित बनाउँदै आएका छन् । अब मधेशमा पनि त्यसैको पुनरावृत्ति हुन थालेको हो कि?' 'राष्ट्रलाई खुवाउने कार्यक्रम'लाई नसमेट्नु मधेश सरकारको गम्भीर रणनीतिक गल्ती हो । योजना आयोगबाट अनुमोदन भइसकेको अध्ययन अनुसन्धानसहित जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमलाई बेवास्ता गर्नु भनेको किसान, महिला, बालबालिका, श्रमिक र ग्रामीण समुदायको अधिकारमाथि नै आघात हो । यस प्रकारको नीति बाइपास विकासको ढोका बन्द गर्नेतर्फको संकेत हो । सरकार अझै सचिएर यस्तो दीर्घकालीन प्रभाव पार्ने कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन तत्पर होस् ।

# बाराबाट ठूलो परिमाणमा गाँजा बरामद, ४ जना पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गर्नुको साथै चार जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले एउटा पिकअप गाडीलाई समेत नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार प्रदेश ०३–०१–०२४ च ४६३० नम्बरको सेतो रंगको पिकअप गाडी तथा त्यस्मा सवार चार जनालाई नियन्त्रणमा लिइएको हो । प्रहरीले लागुऔषध गाँजा जस्तो देखिने पदार्थ २१२ किलो ९२८ ग्राम बरामद गरेको छ । उक्त गाडीमा सवार मकवानपुरको थाहा नगरपालिका वडा नं. ४ तालुङ बस्ने पिकअप गाडीको चालक २८ वर्षीय रवि कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । थाहा नगरपालिकाको वडा नं. १२ टिसटुङ बस्ने ४६ वर्षीय बिर बहादुर गोले, मकवानपुरको हेटौडा नगरपालिका वडा नं. १४ बस्ने उत्तरपानीका २३ वर्षीय साजन मुक्तान, धादिङ जिल्लाको थाक्रे गाँउपालिका वडा नं. ७ आपसी चौक ३१ वर्षीय महेश तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको हो । हेटौडाबाट प्रसौनी गण्डकतर्फ लागुऔषध गाँजा जस्तो देखिने पदार्थ आइरहेको छ भन्ने विशेष सूचनाको अधारमा प्रहरीले जाँच गरेको हो । जिल्ला प्रहरी कार्यालय बाराबाट प्रहरी निरीक्षक खेमप्रसाद नेपालको कमाण्डमा इलाका प्रहरी कार्यालय सिमरा र प्रसौनी बाराबाट खटिएको संयुक्त प्रहरी टोलिले जाँच गरेको हो । बाराको परवानिपुर गाँउपालिका वडा नं. ५ बहुअरी स्थित गण्डक नहरको सडक खण्डमा चेक प्वाईन्ट थापी सवारी साधन तथा पैदल यात्री समेतलाई जाँच गरिएको हो । हेटौडाबाट प्रसौनी गण्डकतर्फ आउँदै गरेको सो पिकअप गाडीलाई प्रहरीले जाँच गरेको हो । उक्त पिकअप गाडीमा धानको भुषभित्र लुकाईछिपाई लगिरहेको लागुऔषध गाँजा जस्तो देखिने पदार्थ २१२ किलो ९२८ ग्राम वरामद भएको हो । उक्त नियन्त्रणमा लिइएका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले जानकारी दिए ।

# धनुषामा मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–८ दिगम्बरपुरका एक युवकको शनिबार दिउँसो मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएको छ । जनकपुरधामबाट महेन्द्रनगरतर्फ जाँदै गरेका ३० वर्षीय रामरतन महतोको महेन्द्रनगर नजिकै दुर्घटनामा परेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ । मधेश प्रदेश ०२–००५ प ८७९५ नम्बरको रातो रंगको अपाचे मोटरसाइकलमा सवार महतो





तीव्र गतिमा यात्रा गरिरहेका थिए । जनकपुर–ढल्केवर सडक खण्डअन्तर्गत महेन्द्रनगर नजिकै मोटरसाइकल अनियन्त्रित भई लडेपछि उनको टाउकोमा गम्भीर चोट लागेको थियो । गम्भीर घाइते अवस्थामै उनलाई उपचारका लागि जानकी मेडिकल कलेज शिक्षण अस्पताल लगिएको भए पनि उपचारको क्रममा मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ । तीव्र गतिका कारण भएको अनुमान गरिएको यो दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जनकपुरधाममा ई–रिक्सा र छाडा चौपाया समस्याबारे सरोकारवालाबीच छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा ई–रिक्सा सञ्चालन, फुटपाथ अतिक्रमण तथा छाडा चौपायाजस्ता दीर्घकालीन समस्याको समाधानका लागि सरोकारवाला निकायबीच छलफल भएको छ । उपमहानगर प्रमुख मेयर मनोज कुमार साहको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा समस्याहरूको व्यवस्थापन गर्नका लागि विभिन्न निर्णयहरू पारित गरिएको छ । बैठकले ई–रिक्सा चालकहरूले अबदेखि अनिवार्य रूपमा चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्नुपर्ने निर्णय गरेको छ । जसको लाइसेन्स छैन, उनीहरूले ई–रिक्सा व्यवसाय संगठनबाट जारी गरिएको परिचयपत्र अनिवार्य रूपमा साथमा राख्नुपर्नेछ । उक्त निर्णय आजदेखि कार्यान्वयनमा ल्याइने जनकपुरधाम उपमहानगरपालिकाले जनाएको छ । स्थानीय सरकार, ट्राफिक प्रहरी, यातायात व्यवसायी संघ, ई–रिक्सा व्यवसायी संगठनलगायतका सरोकारवाला निकायहरूको सहभागितामा गरिएको छलफलमा फुटपाथ व्यवस्थापन, छाडा चौपाया नियन्त्रण र नगरभित्रको यातायात प्रणाली सुधारका विषयमा पनि विस्तृत छलफल गरिएको थियो । उपमहानगरपालिकाले सबै ई–रिक्सा चालकहरूलाई यस निर्णयको जानकारी लिनुका साथै परिचयपत्रसहित मात्र सञ्चालनमा रहन आग्रह गरेको छ ।

# सिरहामा युवकको शव शंकास्पद अवस्थामा फेला



**मधेशदृष्टि**
**सिरहा ।**
सप्तरीमा एक युवकको विभत्स हत्या भएको घटनाको २४ घण्टा नबित्दै सिरहामा फेरि एक युवकको शव शंकास्पद अवस्थामा फेला परेको छ । सिरहा जिल्लाको अर्नमा गाउँपालिका–१ बुदियाचापमा ३५ वर्षीय अजय महरा शनिबार बिहान आफ्नै घर नजिकैको खेतमा मृत अवस्थामा भेटिएका हुन । उनी रामसेवक महराका छोरा हुन । पारिवारिक स्रोतका अनुसार अजय बिहानैदेखि घरमा नभेटिएपछि परिवारजनले खोजी गर्दै जाँदा खेतमा उनको शव फेला परेको थियो । घटनास्थलको अवस्था र शवको प्रकृतिले हत्या भएको आशंका गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । शवलाई पोस्टमार्टमका लागि पठाइएको र विस्तृत विवरण रिपोर्टपछि मात्र खुल्ने प्रहरीले जनाएको छ । यसअघि, सप्तरीको डाक्रेश्वरी नगरपालिका–८ का ३२ वर्षीय राजकुमार खंगको पनि विभत्स हत्या भएको थियो । उनको घाँटी रेटिएको अवस्थामा शव फेला परेको थियो ।

# निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
जननेता स्वर्गीय मदन भण्डारीको जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउण्डेशन पर्साले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर शनिबार सम्पन्न भएको छ ।

नेकपा एमाले वीरगंज महानगर कमिटीको सहयोगमा वीरगंज महानगरपालिका वडा नम्बर–२५ सिरसिया ड्राइपोर्ट मन्दिरमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । स्वास्थ्य शिविरले वीरगंजका वडा नम्बर २५, १७, २६, २४, र २३ का करिब एकहजार जनतालाई प्रत्यक्ष लाभ पुर्याउने लक्ष्य राखेको छ ।

शिविरमा नाक, कान, दाँत, आँखा र फिजिसियन सम्बन्धी उपचार सेवाहरू प्रदान गरिएको छ । नेकपा एमाले वीरगंज महानगर कमिटिको समन्वयमा फाउण्डेशनका अध्यक्ष शत्रुधन नेपालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सल्लाहाकार समिति सदस्य तथा वीरगंज महानगरपालिकाका पूर्वनगर प्रमुख विजय कुमार सरावगी थिए । कार्यक्रममा पार्टीका मधेश प्रदेश उपाध्यक्ष विचारी यादव, महानगर अध्यक्ष नवराज शर्मा, महानगर सचिव लियाकत अलि, लेखा समिति अध्यक्ष अजय साह लगायत नेता कार्यकर्ताहरुको उपस्थिति रहेको युवा नेता पिन्टु उपाध्यायले जानकारी दिए ।

## सम्पादकीय

# सशस्त्र प्रहरीको प्रयास

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले आर्थिक वर्षको ११ महिनामा ३८ करोड २७ लाख ७९ हजार आठ सय ९० रुपैयाँ बराबरका भन्सार छली तथा बिलबीजक नभएको सामान बरामद गरेर चोरी तस्करी नियन्त्रणको प्रयास गरेको छ। सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै गत आर्थिक वर्षको १२ महिनाको तुलनामा चालु आवको असार १० गतेसम्मको अवधिमा तीन करोड ९० लाख ४४ हजार छ सय ६ मूल्य पर्ने भन्सारछली तथा बिलबीजक नभएका सामान बरामद गरेर सशस्त्रले आफ्नो कर्ममा शतप्रतिशत दिने प्रयास गरेको हो। सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका गणपति राधेश्याम धिमालले गत आर्थिक वर्षभरिको तुलनामा चालु आर्थिक वर्षको ११ महिना १० दिनको अवधिमा भन्सार छली गरेर भित्र्याइने वस्तु तथा सामानको बरामद उल्लेखनीय रुपमा वृद्धि भएको दाबी गरे।

अघिल्लो वर्ष भन्सार छली गरेर भित्रिएका १४ करोड ९९ लाख पाँच हजार पाँच सय २८ रुपैयाँ बराबरका अवैध समान वीरगंज भन्सार कार्यालयलाई बुझाइएको थियो। यो वर्ष २७ करोड ५६ लाख ५६ हजार चार सय ८७ रुपैयाँ बराबरको सामान भन्सार कार्यालयमा दाखिला भइसकेको छ। सशस्त्र प्रहरीले भन्सार कार्यालयसँगको सहकार्यमा शंकास्पद गोदामको नियमित अनुगमनको क्रममा भन्सार छलीका सामान बरामद हुने क्रम ह्वातै बढेको छ।

सशस्त्र प्रहरीले बिलबीजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयाँ बुझाउँदै आइरहेको छ।

सशस्त्र प्रहरीले चालु आवको जेठ १० गतेसम्मको अवधिमा बिलबीजक नभएका १० करोड ७१ लाख २३ हजार चार सय तीन रुपैयाँ बराबरको सामान राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाएको छ। १९ करोड ३८ लाख २९ हजार सात सय ५६ रुपैयाँ बराबरको सामान अघिल्लो आर्थिक वर्षमा बुझाइएको थियो। सीमा सुरक्षामा खटिने प्रहरीले सक्रियता बढाएसँगै राजस्व सङ्कलनमा पनि तिव्रता पाएको छ। पछिल्लो समय सशस्त्र प्रहरीले सीमा नाकामा सीसीक्यामेरा, नाकामा तालिमप्राप्त कुकुर पनि खटाएर जाँच गर्दै आएकाले पनि अवैध सामानको बराबद हुने क्रममा तिव्रता पाएको हो।

# जनताको बहुदलीय जनवादको युग



धनञ्जय दवाडी

### मदन स्मृतिमा

क्रान्तिको बाटो सोझो र सपाट हुन्न। यसले उबडखाबड बाटो तय गर्नुपर्ने हुन्छ। संगठन, सिद्धान्त र संघर्षको उपयुक्त चयनले क्रान्तिलाई सफलताको चरणमा लैजान्छ। संघर्षको एउटा सफलताले समग्र क्रान्तिको सफलताको निर्धारण पनि गर्दैन। पार्टीहरूको क्रान्तिकारी चरित्र निर्माणमा क्रान्तिकारी विचार महत्वपूर्ण हुन्छ। जुन पार्टीसँग क्रान्तिकारी विचारले लैस भएका नेता र कार्यकर्ता हुन्छन्, त्यही पार्टीले समग्र क्रान्तिको नेतृत्व गर्छ। हरेक क्रान्तिका उपचरणहरू पनि हुन्छन्। ती उपचरणहरूमा गर्नुपर्ने काम, योजना र संगठनले क्रान्तिको सिद्धान्तको बाटो पछयाउनुपर्छ।

बारम्बार दोहोरिने उपचरणहरूमा कुशलताका साथ लक्ष्य केन्द्रित कार्यक्रमहरूको सञ्चालन गरेर श्रमजीवी जनतालाई संगठित गरेरमात्र अर्को उपचरणमा फड्को लगाउन सकिन्छ। क्रान्तिकारी सिद्धान्त, विचार र कार्यक्रमहरू तत् समयमा जनता र कार्यकर्ताबीचबाट परिक्षित र अनुमोदित भइरहनुपर्छ। मानवीय चेतना र भौतिक विकासले उत्पन्न गरेका तमाम बिकास र परिवर्तनको गतिमा सिद्धान्तलाई बुझ्नुपर्छ। सिद्धान्तलाई सिर्जनात्मक ढङ्गबाट लागू गर्नसक्ने तत्परताले नै क्रान्तिको सफलता निर्धारण गर्छ। स्वयं माक्र्सवादले हामीलाई सिर्जनशील हुन र सिर्जनात्मक ढङ्गबाट सोच्नसक्न 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्न भन्छ।

मानव समाजले विकासका क्रममा आफ्ना विचार सिद्धान्तहरूको विकास गरेको छ। समय क्रममा नयाँ सिद्धान्त र व्यवहारलाई अपनाएको पनि छ। आर्जित सिद्धान्त र विचारहरूका बीच टक्करहरू चलेका छन्। तिनै टक्करहरूबाट नयाँ विचार र सिद्धान्तहरूको विकास भएको छ। वर्गीय समाजमा सिद्धान्तहरू पनि वर्गीय पक्षधरताबाट नै अघि बढ्छ। संसारमा समाजवादी सिद्धान्तभन्दा बुर्जुवाका सिद्धान्त पहिले नै आए। यसैले बुर्जुवाहरूले समाजमा गहिरो छाप छोडेका पनि छन्। तिनले समाजमा लामो समयदेखि पारेका प्रभावहरू नै संस्कृति बनेका छन्। बुर्जुवा विचारधारालाई प्रतिस्थापन गर्न समाजवादी विचारधारा शुरु भयो। समाजवादी विचारधारालाई बुर्जुवा विचारको पतनशील पक्षलाई त्याग्दै प्रगतिशील विचारहरूको संश्लेषण गरेर विकास गरिएको हो।

संसारलाई हेर्ने, बुझ्ने, व्याख्या गर्नेमात्र होइन, बदल्ने, रूपान्तरण गर्ने वा क्रान्ति गर्न सिकाउने तरिका समाजवादी विचारधाराले दिएको छ। समाजवादी विचारधारा भनेको नै माक्र्सवादी विचारधारा हो। यसले समाज र समाजको विकासक्रमलाई हेर्ने, बुझ्ने, ज्ञानमात्र नभै परिवर्तनशील समाजको गतिलाई बुझ्न पनि सिकाएको छ। विगतमा भन्दा यसको दायरा फराकिलो भएको छ। आज माक्र्सवाद दर्शन, अर्थतन्त्र र राजनीतिमा मात्र सीमित छैन। यो त कला–साहित्य, प्रविधि, संस्कृति, मनोविज्ञान, समावेशिता जस्ता मानव समाजका गहनतम् उपलब्धिहरूमा फैलिएको र व्यापक छ। माक्र्सवादी विचार जर्मनको प्रसियामा 'अधिकारका लागि गरिएको संघर्ष'बाट प्रारम्भ भए पनि यसको आयतन फराकिलो र विकसित भइरहेको छ। माक्र्सवाद औद्योगिक पुँजीवादको वैज्ञानिक विश्लेषण र त्यसका विरुद्धको संघर्षबाट जन्मिएको हो।

बुर्जुवा विचारधारालाई प्रतिस्थापन गर्न समाजवादी विचारधारा शुरु भयो। समाजवादी विचारधारालाई बुर्जुवा विचारको पतनशील पक्षलाई त्याग्दै प्रगतिशील विचारहरूको संश्लेषण गरेर विकास गरिएको हो। युरोपको औद्योगिक पुँजीवादका विरुद्धको संघर्षबाट विकसित माक्र्सवाद एसियामा किसान आन्दोलनसँग जोडिएर थप समृद्ध भएको छ। साम्राज्यवादी उपनिवेशका विरुद्ध राष्ट्रवादी संघर्षसँग जोडियो। माक्र्सवादी शिक्षाकै आलोकमा नयाँ प्रगतिशील योजनाहरू निर्माण भए। रंगभेदविरोधी, उपनिवेशविरोधी आन्दोलनहरू विकसित भए, असंलग्न आन्दोलन र विश्व शान्ति आन्दोलनहरूलाई पनि प्रेरणा माक्र्सवादले दियो। यस्ता आन्दोलनहरूले सफलता वा असफलता व्यहोरेर नै माक्र्सवादलाई समृद्ध बनाएका हुन्। माक्र्सवादले इतिहास बुझ्न र लेख्न सिकायो। यसले समाज बदलेनमात्र होइन, आफैं पनि बदलियो, विकसित भयो र फराकिलो बन्यो।

माक्र्सवादले स्थापित गरेको 'बलपूर्वक हस्तक्षेपको सिद्धान्त'को कार्यान्वयन गर्दा रुसी क्रान्तिमा लेनिनले मिलिसिया निर्माण गरेर शहरिया विद्रोहमार्फत क्रान्ति सम्पन्न गरे। क्रान्तिका लागि स्थायी सैन्य संरचना आवश्यक भएन, तर चिनियाँ क्रान्तिमा सेना आवश्यक भयो। लालसेनाको लङ्मार्चबाट चिनियाँ सामन्तवाद र बाह्य हस्तक्षेपकारी विरुद्ध एकैसाथ लड्नुपर्ने भयो। यसैले गुरिल्ला युद्ध चिनियाँ जनक्रान्तिको विशेषता बन्यो। यसरी नै आआफ्ना मुलुकका विशिष्टतामा कोरियाली, भियतनामी र क्युवाली क्रान्तिहरू सम्पन्न भए। माक्र्सवादी शिक्षाकै आलोक र सोभियत बिशिष्टतामा विकसित माक्र्सवाद नै लेनिनवाद हो। माक्र्सको वैचारिक पक्षमा जोड रह्यो। लेनिनले सांगठनिक पक्षको विकास गरे। माक्र्सवादलाई सोभियत मोडलमा मात्र बुझ्ने गल्ती गर्नुहुन्न।

सोभियत समाजवादले खाएको धक्कापछि पनि अन्य मुलुकका समाजवादका मोडलहरू विकास भएर जनताको समृद्धिमा काम गरिरहेका छन्। सोभियत समाजवादको जनअनुमोदन नखोज्ने अलोकतान्त्रिक चरित्र र पार्टीको नोकरशाही चरित्र विकास भएर आन्तरिक लोकतन्त्र कमजोर हुँदा धक्का व्यहोर्नुपरेको हो। रुसी समाजवादको नेतृत्वमा विकसित भएको दुई ध्रुवीय विश्वलाई युरोपका पुँजीवादीहरूले सोभियत समाजवादका विरुद्ध २ वटा अवरोध सिर्जना गरे। जसबाट दुई ध्रुवीय विश्वमा सोभियत मोडलको समाजवाद भत्कियो। पहिलो– अमेरिकासँग मिलेर रुसका विरुद्ध युद्धको तयारी गरे। जसले गर्दा अत्यधिक धनराशी खर्च भयो र सोभियत समाजवादलाई धानिन गाह्रो भयो।

दोस्रो– समाजवादले सामाजिक सुरक्षा क्षेत्रमा गरेका कामलाई पुँजीपतिहरूले पनि लागू गरे। पुँजीवाद लोककल्याणकारी राज्यमा बदलियो। पुँजीवादले आफ्नो रूप पक्षमा परिवर्तन गरेर आफ्नो लूटको सार पक्षलाई जोगाउन सक्यो। यसबाट पुँजीवादले सामाजवादी विचारधारात्मक काममा अवरोध सिर्जना गर्‍यो। आफ्नो रूप बदल्यो र आफूलाई टिकायो। आज माक्र्सवाद दर्शन, अर्थतन्त्र र राजनीतिमा मात्र सीमित छैन। यो त कला–साहित्य, प्रविधि, संस्कृति, मनोविज्ञान, समावेशिता जस्ता मानव समाजका गहनतम् उपलब्धिहरूमा फैलिएको र व्यापक छ।

माक्र्सवाद कम्युनिष्ट पार्टी र कम्युनिष्ट सरकारभन्दा पुरानो हो। विश्वभर पुँजीवादले क्रान्तिकारी चरित्र गुमाएर साम्राज्यवादी चरित्र ग्रहण गरेपछि साम्राज्यवादका अत्याचारलाई बुझ्न र साम्राज्यवादी अत्याचारबाट मुक्त गर्ने वैचारिक हतियार नै माक्र्सवाद बन्यो। पुँजीवादका क्रूरतम शोषणबाट मुक्तिका लागि श्रमिकहरूको भौतिक तागत निर्माणमा माक्र्सवादी विचारले अतुलनीय योगदान दिएको छ। मानव समाजका थुप्रै विचारधाराहरूसँग टक्कर गरेर नै यो विकसित भएको हो। पुँजीवाद समाजवादका राम्रा काम स्वीकार गरेर आफ्नो स्वरूपलाई बदल्न बाध्य भयो, तर समाजवादीहरू पुँजीवादका सबै पक्षहरू अस्वीकार गर्न पुगे। जसले 'सभ्यता, प्रविधि र विचारको विकासमा मानव जातिका सम्पूर्ण उपलब्धिहरूलाई कम्युनिष्ट पार्टीहरूले स्वामित्व लिने' साहस देखाउन सकेनन्।

समाजवादले मात्र धक्का व्यहोरेको छैन। पुँजीवादीका सबै क्रान्ति सफल भएका छैनन्। सबै क्रान्ति असफलमात्र छैनन्। क्रान्तिका शिक्षा महत्वपूर्ण छन्। फ्रान्सेली क्रान्तिमा लगाइएका नारा 'प्रजातन्त्र, समानता र भ्रातृत्व' आज पनि प्रजातन्त्र, समावेशीता र धर्मनिरपेक्षताका स्वरूपमा चली नै रहेका छन्। फ्रान्समा सन् १८३०, १८४८ र १८७१ का क्रान्ति असफल भएका थिए, तर यो क्रान्ति असफल भए पनि युरोपमा सामन्तवाद र फ्रान्सेली प्रभुत्व सधैँका लागि समाप्त भयो। युरोपमा दक्षिणपन्थीहरू शासनमा फर्किए पनि सामन्तवाद फर्केर आएन। आज यही लडाइँ दुनियाँभर जारी छ। जुन समाज अनेकौं असमानताले बनेको छ, त्यस समाजमा प्रजातन्त्र ल्याउन र समाजवादलाई प्रजातान्त्रिक रूपमा हुर्काउन कठिनाइ पर्छ। नेपाललाई त्यसरी नै बुझ्नुपर्छ।

नेपाल भौगोलिक रूपमा मात्र विविध छैन, यहाँ जातीय, धार्मिक, भाषिक विविधता पनि छ। कैयौं अल्पसंख्यक छन्, जसलाई मूल प्रवाहीकरण गर्ने कम्युनिष्ट पार्टीको दायित्व छ। समाज वर्गीय रूपमा मात्रै विभाजित छैन। यो त जातमा, भाषामा, क्षेत्रमा, लिङ्गमा पनि विभाजित छ। विविधतापूर्ण समाजका लागि बहुलता र बहुदलीय चरित्र अनिवार्य विषय हुन्। परम्परावादी नेपाली कम्युनिष्टहरूले समाजको बहुलतालाई बुझ्न सकेनन्। मदन भण्डारीले नै समाजको यो बहुलताको चरित्रलाई बुझे। सोभियत मोडलका कम्युनिष्ट पार्टीहरूका गल्ती नदोहो¥याउन नै मदनले 'माक्र्सवादको नेपाली मोडल जनताको बहुदलीय जनवाद'लाई संश्लेषण गरेका हुन्।

समाज विकासको गति हुन्छ र गतिको नियम हुन्छ। समाज विकासको गतिलाई नियममा बुझ्नुपर्छ भनेर माक्र्सवादले भन्छ। स्वयं माक्र्सवादलाई पनि गतिमा बुझ्नुपर्छ र परिवर्तनमा बुझ्नुपर्छ। हरेक मुलुकको विशिष्ट चरित्र हुन्छ, त्यही विशिष्टता र भौतिक विकासका आधारमा हरेक मुलुकले माक्र्सवादको सिर्जनात्मक प्रयोग गरेका छन्। त्यसरी नै नेपालमा माक्र्सवादको सिर्जनात्मक प्रयोगको क्रान्तिकारी सिद्धान्तका रूपमा जनताको बहुदलीय जनवादको विकास भएको छ। जनताको बहुदलीय जनवादलाई चार पक्षबाट बुझ्नुपर्छः

माक्र्सवादी शिक्षाकै आलोकमा नयाँ प्रगतिशील योजनाहरू निर्माण भए। रंगभेदविरोधी, उपनिवेशविरोधी आन्दोलनहरू विकसित भए, असंलग्न आन्दोलन र विश्व शान्ति आन्दोलनहरूलाई पनि प्रेरणा माक्र्सवादले दियो। यस्ता आन्दोलनहरूले सफलता वा असफलता व्यहोरेर नै माक्र्सवादलाई समृद्ध बनाएका हुन्।

### प्रजातन्त्रको सवालमा

नेपालमा प्रजातन्त्रको अधिकार प्राप्तिका लागि बुर्जुवाहरूभन्दा पनि अग्रगामी बनेर नेपालका कम्युनिष्टहरूले लडेका छन्। लोकतान्त्रिक स्वतन्त्रताले नै नेपाली कम्युनिष्टहरूलाई जनताको पक्षमा परिचालित हुन र जनपक्षीय काम गरेर जनताको विश्वास जितेर सत्तामा पुग्न सहयोग पुगेको छ। बुर्जुवा लोकतन्त्रले कम्युनिष्टहरूलाई धेरै मुलुकमा निषेध गरेको भए पनि नेपालको विशिष्ट चरित्रका आधारमा प्रजातन्त्रका अधिकारको लडाइँमा सामेल भएर 'कम्युनिष्टहरू लोकतान्त्रिक हुन्नन्' भन्ने भाष्यलाई परिवर्तन गर्न र पूर्ण लोकतन्त्रका लागि लड्न जनताको बहुदलीय जनवादले प्रेरित र संगठित गरेर नै २०६२÷०६३ को पुँजीवादी जनवादी क्रान्ति अघि बढेको हो।

नेपालमा एकाथरी कम्युनिष्टहरू संसदीय लोकतन्त्रको विपक्षमा तर्क गर्नेहरू पनि थिए। तिनीहरूले प्रजातन्त्रको लडाइँमा सहज रूपमा सहभागिता जनाएनन्। उनीहरूको 'साम्राज्यवादी बहुदल' भन्ने तर्क पनि थियो। यस मतकाहरू संसदीय प्रजातन्त्रको उत्पत्ति, विकास र गतिलाई माक्र्सवादी दृष्टिकोणबाट नभई जडतावादी दृष्टिकोणले हेर्छन्। इतिहासमा कम्युनिष्टहरूले संसदीय प्रजातन्त्रलाई निषेध गरेकामात्र होइन, संसदीय व्यवस्थामा पनि कम्युनिष्टहरूलाई निषेध गरिएको छ।

प्रारम्भमा बुर्जुवाहरूले प्रजातन्त्रको अधिकार सम्भ्रान्तहरूमा सीमित गरेकाले कम्युनिष्टहरूले प्रजातन्त्रलाई आफ्नो स्वामित्वमा राखेनन्। जब आम मताधिकारबाट प्रजातान्त्रिक निर्वाचनबाट संसदको चयन हुन प्रारम्भ भयो, श्रमिक वर्गका लागि यो उपयुक्त अवसर थियो। जडतावादीहरूले सिद्धान्तको शुद्धताका नाममा निषेधको राजनीतिमा लागेका बेला मदन भण्डारीको अगुवाइमा सशक्त हस्तक्षेपका माध्यमबाट प्रजातन्त्र, आवधिक निर्वाचन, मानव अधिकार जस्ता मानव समाजका गहनतम उपब्धिलाई स्वीकारेर र अझ उन्नत बनाएर लोकतन्त्रको सुदृढीकरण गर्नसक्ने सत्य स्वीकारियो।

आज संसदीय निर्वाचन वर्ग संघर्षको मोर्चा बन्न पुगेको छ। आज बुर्जुवाहरूले कम्युनिष्टहरूलाई जुन निषेध गरिरहेका छन्, यो निषेध प्रजातन्त्र र समाजवादको नभई पुँजीवादी र समाजवादी विचारको हो। समाजवादीहरू अझ उन्नत प्रजातन्त्रवादी हुन्छन्। संसदीय प्रजातन्त्रमा शान्तिपूर्ण रूपमा 'प्रतिस्पर्धाबाट श्रेष्ठता' हासिल गर्दै श्रमिक वर्गले शासनको नेतृत्व गरेर आफ्नो समाजवादी लक्ष्यमा जानसक्छ। बहुसंख्यक श्रमिक वर्गले प्रतिनिधित्व गर्न सक्दा प्रजातान्त्रिक प्रणाली बुर्जुवाहरूका लागि भन्दा श्रमिक वर्गका लागि अनुकूल हुन्छ। बलियो शक्ति निर्माण गरेर नेपाली श्रमिक वर्गले क्रान्तिलाई पूर्णता दिनसक्छ। यसैले नेपाली क्रान्तिको सिद्धान्त जनताको बहुदलीय जनवादलाई प्रजातन्त्रको सवालका रूपमा बुझ्नुपर्छ। प्रजातन्त्रिक समाजमा मात्र यो सिध्दान्तको रक्षा, प्रयोग र बिकास गर्न सकिन्छ।

माक्र्सवादी शिक्षाकै आलोक र सोभियत बिशिष्टतामा विकसित माक्र्सवाद नै लेनिनवाद हो। माक्र्सको वैचारिक पक्षमा जोड रह्यो। लेनिनले सांगठनिक पक्षको विकास गरे। माक्र्सवादलाई सोभियत मोडलमा मात्र बुझ्ने गल्ती गर्नुहुन्न।

### समृद्ध नेपाल निर्माणको सवालमा

उन्नाइसौं शताब्दीमा माक्र्सवादी चिन्तनधाराले मात्रै साम्राज्यवादी शोषणविरुद्ध राष्ट्रिय स्वाधीन अर्थतन्त्र निर्माणमा शोषित जनताको पक्ष लियो। माक्र्सले युरोपेली पुँजीवादको बारे पटकपटक के लेखेका छन् भने 'युरोपेली औद्योगिक पुँजीवाद युरोपेली किसानहरूको उठीबासको कथामात्र होइन, युरोपका मजदुर र युरोप बाहिरका जनताको रगतद्वारा सिंचिएको छ।' माक्र्सवाद युरोपका औद्योगिक पुँजीवादका विरुद्धको संघर्षबाट विकसित भयो।

एसियामा किसान जनतासँग जोडियो, उपनिवेशवादका विरुद्ध, साम्राज्यवादका विरुद्ध राष्ट्रिय स्वाधीनताको संघर्षसँग जोडियो। नयाँ प्रगतिशील योजनाहरू निर्माण भए। आन्दोलनहरू विकसित भए, सफलता वा असफलता व्यहोरेर माक्र्सवादलाई समृद्ध बनाए। साम्राज्यवाद र रंगभेदका विरुद्ध स्वतन्त्रताहरू प्राप्त भए। दक्षिण एसियामा साम्राज्यवादी शोषणका विरुद्ध राष्ट्रिय स्वतन्त्रताका लागि माक्र्सवादले भूमिका खेलेको छ। यसले समाज बदलेनमात्र होइन, आफैं पनि बदलियो, विकसित भयो, फराकिलो बन्यो।

नेपालका कम्युनिष्टहरूले प्रारम्भिक दिनबाट नै वैदेशिक हस्तक्षेप र शोषणविरुद्ध आफूलाई उभ्याए। राष्ट्रिय उत्पादन र उद्योगका पक्षमा उभ्याए। गोर्खा भर्तीका विरुद्धमा उभ्याएर राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताका पक्षमा दृढताका साथ उभिए। जसबाट 'सामाजिक न्यायमा आधारित भएर श्रमजीवीहरू, निम्न आयका गरिबहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थान'मा अग्रणी भूमिका खेल्न सफल भए। आज समावेशी प्रतिनिधित्व र समन्यायिक विकासको जुन अवधारणामा छलफल हुने र योजना निर्माण हुने गरेका छन्, त्यसैका आधारमा जनताको बहुदलीय जनवादलाई बुझ्नुपर्छ। देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई गरिने प्रोत्साहनका आधारमा 'बृहत सामाजिक परिवर्तन र विकासका लागि ठोस परिस्थतिलाई ख्याल राख्न र कार्यक्रमहरू अघि सार्न' जनताको बहुदलीय जनवादले मार्गदर्शन गरेको छ। जसका आधारमा 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य निर्धारण गरिएको छ।

समाजवाद निर्माणको चरणसम्म पनि जनताको बहुदलीय जनवादले मार्गदर्शन गर्नसक्छ। यसलाई पनि गतिमा बुझ्नुपर्छ। एउटा चरण पार गरेपछि दोस्रो चरणका लागि उपयुक्त कार्यक्रम, नारा र बाटो तय गरेर अघि बढ्नुपर्छ। स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने सवालमा जनताको बहुदलीय जनवादलाई समृद्ध बनाउनुपर्छ। अहिले समाजवादको आधार निर्माणको चरणमा रहेका कारण जनप्रतिनिधिमूलक संस्थाहरूको काम महत्वपूर्ण छ। यतिबेला तिन तहका सरकारहरूका नीति, कार्यक्रम र बजेटले समृद्ध नेपाल निर्माणको बाटोमा हिंडाउनुपर्छ। माक्र्सवाद कम्युनिष्ट पार्टी र कम्युनिष्ट सरकारभन्दा पुरानो हो। विश्वभर पुँजीवादले क्रान्तिकारी चरित्र गुमाएर साम्राज्यवादी चरित्र ग्रहण गरेपछि साम्राज्यवादका अत्याचारलाई बुझ्न र साम्राज्यवादी अत्याचारबाट मुक्त गर्ने वैचारिक हतियार नै माक्र्सवाद बन्यो।श

जनप्रतिनिधिमूलक संस्थाका रूपमा स्थानीय सरकार, प्रदेश र संघीय सरकारलाई मात्रै बुझ्नुहुन्न। सामुदायिक वन महासंघ, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, उद्योग वाणिज्य महासंघ, रेडक्रस, आमा समूह, युवा क्लवहरू, खेलकुदका संघसंस्थाहरू जस्ता जनप्रतिनिधित्व हुने सबैलाई बुझ्नुपर्छ। जहाँबाट जनताका कामहरू, सरोकारहरू जोडिएर आउँछन् ती सबै क्षेत्र र संस्थाहरू जनप्रतिनिधिमूलक संस्थाहरू हुन्। यी संस्थाका कामका गतिलाई समृद्ध नेपालसँग जोड्नुपर्छ र जनताको बहुदलीय जनवादलाई समृद्ध नेपाल निर्माणको सवालमा बुझ्नुपर्दछ।

### श्रमिकका अधिकारका सवालमा

नेपालमा कम्युनिष्ट पार्टी गठन हुनुपूर्व नै मजदुर आन्दोलनले गति लियो। विराटनगर मजदुर आन्दोलनका नेता मनमोहन अधिकारी नै कालान्तरमा नेपाली कम्युनिष्ट आन्दोलनका अगुवा बने। देशका सफल प्रधानमन्त्री बने। समावेशी र समन्यायिक विकासका अगुवा बने। प्रजातन्त्र प्राप्तिका लागि नेपाली श्रमिक वर्गले हरेक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको छ। संगठन निर्माण, परिचालन र नेतृत्व विकास गरेर माक्र्सवादमा नेपाली विशिष्टताको परिचय थपेको छ। प्रजातन्त्र प्राप्तिपछि संसदबाट श्रम ऐन, ट्रेड युनियन ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनलगायतका श्रम कानून बनाउन जनताको बहुदलीय जनवादले सिर्जनात्मक, प्रभावकारी र दबाबकारी भूमिका निर्वाह गरेको छ।

समाजवादको आधार निर्माणको बाटो हिंडेर नेपाली श्रमिक वर्गले थुप्रै चुनौतीको सामना गर्नु परिरहेको छ। अहिले नेपाली श्रमिक वर्ग जनताको बहुदलीय जनवादको शिक्षाको आलोकमा सामाजिक स्थिरता, शान्ति र समृद्धिका लागि वर्गहरूका बीचको द्वन्द्वलाई रूपान्तरण र व्यवस्थापन गर्न, सामाजिक रूपान्तरणका मार्गमा दृढताका साथ लाग्न, सामाजिक समावेशीकरण राज्य व्यवस्थामा सुनिश्चित गर्न र पुँजी पक्षीय राज्यलाई श्रम पक्षीय बनाउन सक्रियताका साथ लागिरहेको छ। वस्तु उत्पादनभन्दा आयतमा मुलुक निर्भर रहेको छ, वस्तु उत्पादन, सेवा, पुँजी प्रवाह र श्रमका आयामहरूमा असहजता देखापरिरहेको छ।

जलवायु परिवर्तन र वातावरणीय प्रतिकूलता छ। प्राकृतिक र प्राथमिक वस्तु सस्तोमा बेचेर महँगोमा तयारी माल खरिद गर्नुपर्ने अवस्था छ। यस्तो प्रतिकूलतालाई चिरेर उत्पादनमा आधारित समाज निर्माण गर्न नेपाली श्रमिक वर्गले राष्ट्रिय पुँजीको विकास गर्दै दलाल र नोकरशाही पुँजीवादका विरुद्धको संघर्षमा अब्बल बन्नुपर्ने कार्यभार छ। 'समतामूलक सामाजिक आर्थिक विकासका निम्ति' योजना निर्माण र कार्यान्वयनका रूपमा जनताको बहुदलीय जनवादलाई बुझ्नुपर्छ।

देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई गरिने प्रोत्साहनका आधारमा 'बृहत सामाजिक परिवर्तन र विकासका लागि ठोस परिस्थतिलाई ख्याल राख्न र कार्यक्रमहरू अघि सार्न' जनताको बहुदलीय जनवादले मार्गदर्शन गरेको छ। जसका आधारमा 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य निर्धारण गरिएको छ।

### महिला अधिकारका सवालमा

महिला अधिकारका सवालमा बुर्जुवा जोन मिल र मन्टेस्क्युका भन्दा ऐङ्गेल्सका विचार उन्नत थिए। अक्टोबर क्रान्तिपछि सोभियतहरूले बनाएका कानून त्यस बखतका अमेरिकी बेलायती, फ्रान्सेली कानूनभन्दा प्रगतिशील थिए। मुसलमान महिलालाई सोभियत कानूनले जति अधिकार अन्य कुनै पनि मुलुकका मुसमान महिलाले पाएनन्। नेपालमा कम्युनिष्ट पार्टीको स्थापनामा नै महिला सहभागिता र जनसंगठनका रूपमा अखिल नेपाल महिला संघको स्थापना भएको छ। यसले महिला अधिकार र प्रजातान्त्रिक अधिकारका लागि नेपाली कम्युनिष्टहरू प्रारम्भिक दिनबाट नै सक्रिय रहेका छन्।

प्रजातान्त्रिक आन्दोलनका समयमा वाममोर्चा निर्माण र त्यसको नेतृत्व नै महिला नेतृ साहना प्रधानले गरेबाट नेपाली माक्र्सवादी आन्दोलनलाई महिला अधिकारका सवालबाट पनि हेर्नुपर्छ। नेपाली राजनीतिक आन्दोलनका प्रारम्भिक दिनमा नै महिलाहरूले मताधिकार र प्रतिनिधित्वको अधिकार प्राप्त गरेका छन्। जनताको बहुदलीय जनवादले महिलामाथि भएको शोषण र सामाजिक कुप्रथाको अन्त, सम्पत्तिमा समान हक, समान ज्याला, सामाजिक सुरक्षा जस्ता सवालमा संघर्ष गरेर नै संविधानमा नै वंशको अधिकार, प्रतिनिधित्वको अधिकार, विभेदकारी कानूनको अन्त्य गर्न सफलता प्राप्त गरेको छ, जसको परिणामस्वरूप संघीय संसदमा र स्थानीय तहमा सहभागिता र नेतृत्वमा वृद्धि भएको छ।

दक्षिण एसियाका महिलाहरूमा तुलनात्मक रूपमा नेपाली महिलाहरू अग्रणी बनेका छन्। मुलुकको सर्वोच्च नेतृत्व महिला राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुख बनाउने सफलता जनताको बहुदलीय जनवादका कारण सम्भव भएको हो। जनताको बहुदलीय जनवादलाई प्रजातान्त्रिक अधिकारका सवालमा, श्रमिक अधिकारका सवालमा, समृद्ध नेपाल निर्माणका सवालमा, महिला अधिकारका सवालमा बुझ्नुपर्छ।

यिनै आधारमा जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकास गर्नुपर्छ।

अहिले समृद्ध नेपाल निर्माणको कार्यभार पूरा गर्न जनताको बहुदलीय जनवादको कार्यदिशामा अघि बढ्नुको अर्को विकल्प छैन। हामीसँग समृद्ध बन्ने बनिबनाउ बाटो पनि छैन। हिंड्दै सिक्दै अघि बढ्नुपर्छ। यसो गरेर नै नेपाली मोडलको समाजवाद 'समृद्ध नेपाल' निर्माण गर्न सकिन्छ। यो युग जनताको बहुदलीय जनवादको युग हो। यो युग २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको सरकार निर्माणबाट प्रारम्भ भयो। विभिन्न उतारचढावको सामना गरेर नै जनताको बहुदलीय जनवाद विकसित भएको छ र धेरै पक्षलाई आफूमा गोलबन्द गरेको छ। राज्य सञ्चालन र समृद्ध नेपाल निर्माणको क्रममा नै यसको रक्षा, प्रयोग र विकास गर्नुपर्छ। नेपालमा सामाजवाद निर्माण नहुँदासम्म जनताको बहुदलीय जनवाद मार्ग दर्शन गरिरहनेछ। यो नै आजको युग हो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित

**काठमाडौँ।**

प्रतिनिधिसभाको शनिवारको बैठकबाट 'नेपाल नागरिकता (दोस्रो) विधेयक, २०८२' बहुमतले पारित भएको छ।

आजको बैठकमा गृहमन्त्री रमेश लेखकले उक्त विधेयक पारित गरियोस भनी प्रस्ताव पेस गरेका थिए। त्यसअधि आजै गृहमन्त्री लेखकले 'राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए।



उक्त प्रस्ताव पेस गर्नुहुँदै गृहमन्त्री लेखकले नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाकै नामबाट नागरिकता पाउने व्यवस्थालाई विधेयकमा प्रत्याभूति गरिएको बताए।

'आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ। नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ', गृहमन्त्री लेखकले भने। वैदेशिक रोजगारमा गएका महिलाहरुले विदेशमा सन्तान जन्माउने तर नेपाल फर्किदा त्यस्ता सन्तानले नागरिकताविहीन हुनुपर्ने अवस्था नरहने उनको भनाइ छ।

विधेयकमा 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था राखिएको छ। त्यस्तै, १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने व्यवस्था विधेयकमा राखिएको छ।

विधेयकमाथिको छलफलका क्रममा सांसद प्रकाश ज्वालाले यो विधेयक पारित भएर कार्यान्वयनमा आएपछि आमाको नामबाट नागरिकता पाउने बाटो खुल्ने विश्वास व्यक्त गरे। वास्तविक नेपाली नागरिक नागरिकता पाउनबाट बञ्चित हुन नपरोस् र गैरनागरिकले कुनै पनि अवस्थामा नागरिक नपाओस् भनेर कानुनी व्यवस्था गर्न यो विधेयक महत्वपूर्ण हुने सांसद ज्वालाले बताए।

सांसद ज्वालाकुमारी साहले राष्ट्रिय सुरक्षा, एकता र सम्प्रभुतामा असर नपर्ने गरी नागरिकतासम्बन्धी व्यवस्था गर्न यो कानुन आवश्यक रहेको बताईन। त्यस्तै, नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेको अवस्थामा त्यस्ता अभिभावकबाट जन्मेका सन्तानले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेमा त्यस्ता नागरिक अब नागरिकताविहीन हुनुपर्ने अवस्था हट्ने उनको भनाइ छ।

सांसद प्रेम सुवालले सीमा क्षेत्रका नागरिकले जहिल्यै नागरिकतासम्बन्धी समस्या भोग्नु परेको बताउनुहुँदै यसमा विधेयकमार्फत स्पष्ट व्यवस्था ल्याइनुपर्ने बताए। आमाको नामबाट नागरिकता दिने व्यवस्था राम्रो भए पनि बाबुको खोजी गर्न आवश्यक रहेको धारणा उनले राखे।

सांसद रामकृष्ण यादवले यो विधेयक पारित भएर कार्यान्वयनमा जाँदा नागरिकतासम्बन्धी अहिले देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गरे। तराईका जिल्लामा नागरिकतासम्बन्धी समस्या धेरै रहेको उल्लेख गर्नुहुँदै उनले नागरिकताविहीन व्यक्तिहरु राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताए। यो विधेयकमा राखिएका व्यवस्थाले त्यस्ता व्यक्तिको समस्या समाधान गर्ने सांसद यादवको भनाइ थियो।

सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुने गरी यो विधेयक आएको बताईन। सांसद चित्रबहादुर केसीले नागरिकताको विषयमा सदनमा धेरै छलफल र विमर्श भएको भए पनि भारतसँगको खुला सीमाका कारण देखिएको नागरिकतासम्बन्धी विवाद र समस्यालाई यो विधेयकले समाधान गर्न नसक्ने भन्दै चिन्ता व्यक्त गरे।

विधेयकमाथि सांसदहरु रुपा सोशी चौधरी, शेरबहादुर कुँवर, माधव सापकोटा, मुक्ताकुमारी यादव, नारायणी शर्मा, पूर्णबहादुर घर्ती, भगवती चौधरी, अमृतलाल राजवंशी, कान्तिका सेजुवाल, सुशिला थिङ, अमृतादेवी अग्रहरीलगायतले आफ्नो धारणा राखेका थिए।

प्रतिनिधिसभाको अर्को बैठक यही असार गते असार १५ गते दिउँसो १ बजे बस्नेछ।रासस

# 'नेपालको उज्यालो भविष्य जनताको बहुदलीय जनवादका माध्यमबाट पूरा हुन्छ'

**काठमाडौँ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्पर्क समन्वय समितिद्वारा पार्टीका तत्कालीन महासचिव मदनकुमार भण्डारीको ७४औँ जन्मजयन्तीका अवसरमा शनिवार बृहत् पदयात्रा कार्यक्रम गरियो। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाबाट सुरु भएको पदयात्रा थापाथली, माइतीघर, बबरमहल, बानेश्वर हुँदै तिनकुनेमा पुगेर समापन भएको थियो।

यसअघि उक्त पदयात्रा शुभारम्भ गर्दै एमालेका महासचिव शङ्कर पोखरेलले स्व भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादले नेपाली समाजमा रुपान्तरणका लागि महत्त्वपूर्ण योगदान गरेको भनी प्रशंसा गरे।

उनले भने, 'जनताको बहुदलीय जनवाद नेपाली समाजलाई अघि बढाउने उद्देश्यका लागि मार्गनिर्देशन गर्ने विचार रहेको छ, त्यही माध्यमद्वारा 'सुखी नेपाली, समृद्ध नेपाल'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने लक्ष्यका साथ आफूहरू एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने अभियानमा जुटेका छौँ।'

महासचिव पोखरेलले एमालेलाई निर्णायक शक्तिका रूपमा उभ्याउन मिसन ८४ यो अभियानका लागि महत्त्वपूर्ण कडी भएको जनाउँदै सोही माध्यमबाट मुलुकलाई विकास र समृद्धिको नयाँ युगमा लिएर जाने स्पष्ट पारे।

उनले भने, 'पार्टी नेतृत्वमा मुलुकलाई युगतर्फ लैजान प्रयत्न भइरहेको छ, नेपाल साधनस्रोतका हिसाबले कमजोर छ, नागरिक सम्पन्नताका हिसाबले कमजोर छ भन्ने भाष्यलाई चिरेर सम्पन्न छ भन्ने कुरा दैलेखमा रहेको ग्यास भण्डारणको अन्वेषणबाट प्रमाणित गरेका छौँ।' नेपालको उज्यालो भविष्य जनताको बहुदलीय जनवादका माध्यमबाट पूरा गर्ने उनले विश्वास दिलाए।रासस

# पार्टीभित्र थुप्रै किसिमका विचलनहरू देखिन थालेका छन्: अध्यक्ष प्रचण्ड

**काठमाडौं।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीका केन्द्रीय सल्लाहकार तथा वरिष्ठ नेता कृष्णलाल गोजा श्रेष्ठको श्रद्धाञ्जली सभामा बोल्दै उनको निधनले पार्टीले आदरणीय अभिभावक गुमाएको महसुस गरेको बताएका छन्।

शनिबार काठमाडौंमा आयोजित श्रद्धाञ्जली सभामा बोल्दै अध्यक्ष प्रचण्डले श्रेष्ठको योगदानलाई उच्च सम्मान व्यक्त गर्दै कमरेड कृष्णलाल श्रेष्ठ सबैको निम्ती आर्दश पात्रको रुपमा भएको बताएका हुन्।

उनले भने, 'कमरेड कृष्णलाल श्रेष्ठ आफैं तपाईं, हामी सबैका निम्ति आदर्श पात्र हुनुहुन्थ्यो। उहाँले पार्टी आन्दोलन, समाजसेवा र कठिन परिस्थितिमा रहेका कमरेडहरूको पीडामा सधैं साथ दिनुभएको थियो।'

अध्यक्ष प्रचण्डले हाल पार्टी भित्र देखिएको वैचारिक, राजनीतिक, व्यवहारिक र सांस्कृतिक विचलनप्रति चिन्ता व्यक्त गर्दै पार्टीलाई फेरि समाजवादको दिशातर्फ अग्रसर गराउने संकल्पमा सबैले दृढ प्रतिबद्धता व्यक्त गर्न आवश्यक रहेको बताए।

'आजभोलि पार्टीभित्र थुप्रै किसिमका विचलनहरू देखिन थालेका छन्, उनले भने,'यी सबैसँग जुध्दै समाजवादको यात्रामा अगाडि बढ्न हामी सबै थप प्रतिवद्ध हुनुपर्छ।'रासस

# प्रतिनिधिसभाः राष्ट्र ऋण उठाउने विधेयक, २०८२ पारित

**काठमाडौँ।**

राष्ट्र ऋण उठाउने विधेयक, २०८२ प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए। उक्त प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिंदै अर्थमन्त्री पौडेलले उत्पादन, उत्पादकत्व वृद्धि र विकास तथा समृद्धिको आकाङ्क्षा पूरा गर्न ऋण लिन आवश्यक रहेको बताए। साधारण खर्चका लागि ऋण लिने नभई पुँजीगत खर्चका लागि मात्रै लिनुपर्ने भनेर सदनबाट आएका सुझाव ग्रहणयोग्य रहेका उनले उल्लेख गरे।

'उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि ऋण लिने हो। चालु आर्थिक वर्षको र आगामी आर्थिक वर्षको बजेटको स्रोत हेर्ने हो भने आन्तरिक राजस्वले व्यहोर्ने खर्चको दायित्व बढाएर प्रस्ताव गरिएको छ। ऋणबाट व्यहार्ने खर्चको दायित्व घटेको छ', पौडेलले भने। विगतको ऋणको साँवाब्याज तिर्न बढी रकम खर्च हुने गरेको अर्थमन्त्री पौडेलले बताए।

उक्त विधेयकमाथिको छलफलको क्रममा सांसद डा प्रकाशशरण महतले सार्वजनिक ऋण बढ्दै जानु र त्यस्तो रकम पुँजी निर्माणमा खर्च हुन नसक्नु गम्भीर समस्याका रूपमा रहेको बताए। 'हरेक वर्ष आन्तरिक ऋणको आकार बढिरहेको छ। आन्तरिक वा बाह्य ऋण किन लिने हो भन्ने कुरामा सरकार गम्भीर हुन जरुरी छ। साधारण खर्च धान्न आन्तरिक ऋण लिँदै जाने हो भने त्यो दिगो हुँदैन', उनले भने। पूर्वअर्थमन्त्री महतले आन्तरिक ऋणको ठूलो हिस्सा साधारण खर्चमा गइरहेको बताए। अहिले सरकारले बैंक तथा वित्तीय संस्थाबाट आन्तरिक ऋण लिने गरेको र बजेटमार्फत तलबभत्तालगायत साधारण शीर्षकमा खर्च गर्ने गरेकामा त्यस्तो प्रवृत्ति रोक्नुपर्नेमा उनले जोड दिए। अहिले बैंक तथा वित्तीय संस्थामा प्रशस्त तरलता भएको अवस्थामा सरकारले आन्तरिक ऋण उठाउँदा समस्या नभए पनि भोलिका दिनमा तरलता अभाव हुँदा बैंक तथा वित्तीय संस्थाले अन्य क्षेत्रमा आफैँ लगानी गर्नसक्ने अवस्था नरहने र ब्याजदर पनि बढ्ने सम्भावनाबारे सचेत हुनुपर्ने बताए। आन्तरिक ऋण उठाउनका लागि बण्डलगायतका वैकल्पिक स्रोत खोज्न सक्नुपर्ने सुझाव पनि डा महतको थियो।अर्का सांसद हितराज पाण्डेले पनि सरकारी ऋण पुँजी निर्माणमा खर्च हुन नसकेको बताए। 'हामीले ऋण लिएर साधारण प्रकृतिका शीर्षकमा धेरै खर्च गर्न थाल्यौँ त्यसलाई उत्पादन वृद्धि हुने पुँजीगत शीर्षकमा खर्च गरिनुपर्छ। प्रतिफल विश्लेषण गरेर निश्चित योजनाका लागि मात्रै ऋण लिन व्यवस्था गरिनुपर्छ', पाण्डेले भने। खानी र खनिजजन्य वस्तुको उत्खनन, प्रशोधन र प्रयोगका लागि सार्वजनिक ऋण खर्च गर्न सक्नुपर्ने उनको भनाइ थियो।

सांसद माधव सापकोटाले आन्तरिक उत्पादन र पुँजीगत खर्च बढाउन सक्नुपर्ने धारणा राखे। मुलुकको वर्तमान आर्थिक अवस्थाको विश्लेषण गरी सोही आधारमा मात्र सार्वजनिक ऋण उठाउनसके यसले वित्तीय अनुशासन कायम हुने धारणा उनको थियो। सरकारले ऋण लिनुपर्ने उद्देश्य र कारण पनि स्पष्ट पार्नुपर्ने सांसद सापकोटाको भनाइ थियो।

आजको बैठकबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथि परेका संशोधन प्रस्तावहरु बहुमतले अस्वीकृत भएका थिए।रासस

# माधव नेपाललाई अध्यक्षबाट हटाउने विषय प्राथमिकतामा छैन्: पाण्डे

**काठमाडौं।**

नेकपा एकीकृत समाजवादीका नेता सोमप्रसाद पाण्डेले पार्टी अध्यक्ष माधव कुमार नेपाललाई पार्टीभित्रको जिम्मेवारीबाट हटाउने नहटाउने कुरा पार्टीको विधान अनुसार हुने बताएका छन्।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको सचिवालय बैठकपश्चात उनले अध्यक्षको सांसद पद निलम्बन हुनु कानूनी व्यवस्था भएको भन्दै यसलाई जोडेर पार्टीभित्रको जिम्मेवारीबाट पनि निलम्बन गर्नुपर्छ भन्ने कुरा नमिल्ने बताए।

उनले भने, 'यस्तो मुद्दा राजनीतिकर्मीहरुलाई आइराख्छ। त्यसकारण मुद्दा एउटा ठाँउमा होला, संसदीय फाँटको काम एउटा ठाँउमा हुन्छ। पार्टीको कामको फाँट प्रक्रिया अर्को ठाँउमा हुन्छ। त्यसकारण मुद्दा लागिसकेपछि सांसद पद स्वत निलम्बन भएको छ। त्यो कानूनी व्यवस्था हो। तर यसलाई जोडेर पार्टीभित्रको जिम्मेवारीलाई पनि त्यसैगरि निलम्बन गर्नुपर्छ भन्ने कुरा रहदैँन्। पार्टी पद्धती, विधान जस्तो छ त्यही हिसाबले अगाडि बढ्ने हो।'

यस्तै, उनले आजको समय विचारहरु राख्ने र जिल्ला, प्रदेशको रिपोर्टिङमै गएको भन्दै भोलीको बैठकले निर्णय निकाल्न सक्ने बताए।रासस

## खानेपानीमन्त्री यादवको दौडधुपः

# शिलान्यास र उदघाटनमा हतारो, उपलब्धी न्यून

**काठमाडौँ।**

खानेपानी मन्त्री प्रदीप यादवले २०८१ असार ३१ मा खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए। तर, करिब एक वर्ष पुग्नै लाग्दा पनि मन्त्री यादवले मन्त्रालयको नेतृत्वमा उल्लेखनीय कुनै ठोस कार्य गर्न सकेका छैनन्।

उद्योग, पूर्वाधार, तथा जनसरोकारको संवेदनशील क्षेत्र मानिने खानेपानी मन्त्रालयको जिम्मा लिएपनि मन्त्री यादवको कार्यकाल सन्तोसजनक देखिदैन्। जनताले दैनिक रुपमा भोगिरहेको पानीको अभाव, वितरण प्रणालीको अव्यवस्थता, ग्रामीण क्षेत्रमा सफा पिउन योग्य पानीको अभावजस्ता समस्या ज्यूँकात्यूँ छन्।

मन्त्रालयको नेतृत्व पाएको करिब १२ महिनाभित्र खानेपानी सेवा सुदृढीकरणका लागि कुनै नयाँ नीति, कार्यक्रम वा दूरगामी योजना ल्याउन नसक्नु मन्त्रीको कार्यक्षमता र नेतृत्व शैलीमाथि गम्भीर प्रश्न उठेको छ।

हालसम्म उनको कार्यकालको एक मात्र उल्लेखनीय पक्ष मेलम्ची खानेपानी आयोजना पुनः सञ्चालन गरी काठमाडौँ उपत्यकामा दैनिक १७ करोड लिटर पानी आपूर्ति गर्न सफल हुनु हो। तर, उक्त आयोजना पहिल्यैको योजना भएको र पूर्वाधारसम्बन्धी कार्य पहिले नै अगाडि बढाइसकिएको भएकाले यसलाई मन्त्री यादवको व्यक्तिगत उपलब्धिका रूपमा लिन सकिन्न।

जनता अझै पनि दैनिक रुपमा पानीको लागि लाइनमा बसिरहेका छन्। कतिपय क्षेत्र अझै पनि खानेपानीबाट वञ्चित छन्। मन्त्रीको प्राथमिकता स्पष्ट नहुनु, नीति निर्माणमा ढिलाइ र कार्यान्वयनमा कमजोरी देखिनु गम्भीर चिन्ताको विषय बनेको छ।

खानेपानीमन्त्री प्रदीप यादवले एक अन्तरक्रिया कार्यक्रममा काठमाडौं उपत्यकामा अब ट्यांकरको भरमा पानी खानुपर्ने अवस्थाको चाँडै अन्त्य हुने दाबी गरेका थिए। मेलम्ची खानेपानी आयोजना अब वर्षभर सञ्चालनमा आउने उनको भनाइ थियो। तर, मन्त्री यादवको यो भनाइ सुन्दा लाग्छ—उनी गम्भीर रुपमा भुइँको यथार्थ बुझ्न असफल भइरहेका छन्।

काठमाडौँ उपत्यकाका हजारौं बासिन्दा अझै पनि दैनिक पानीको लागि ट्यांकरको लाइनमा छन्। कतिपय बस्तीमा ५–७ दिनमा एकपटक मात्र धारामा पानी आउने स्थिति कायमै छ। यस्तो विषम परिस्थिमा मन्त्रीले अब 'ट्यांकरको दिन सकियो' भनेर सार्वजनिक रूपमा भाषण गर्नु लज्जास्पद र जनतालाई भ्रममा पार्ने प्रयास मात्रै भएको उपभोक्ताहरुको भनाइ छ।

मेलम्ची आयोजना सञ्चालनमा ल्याउनु कुनै नयाँ उपलब्धि होइन। यो त दशकौं पुरानो आयोजना हो, जसको संरचना विगतमा निर्माण भइसकेको छ।

वर्षा याममा मेलम्चीको पानी आउने नआउने समस्याले उपत्यका र सरकारलाई पटक–पटक समस्या दिँदै आएको छ। बाढीले मुहान भत्काउने खतरा पहिल्यैदेखि चिनिएको हो। मन्त्रीले अहिले आएर 'ढोका मात्रै बन्द हुन्छ, पानी बन्द हुँदैन्'भनेर दिएको आश्वासन व्यवहारमा कति टिकाउ र वैज्ञानिक छ भन्ने प्रश्न अझै खुला छ।

मूल प्रश्न भनेको, मन्त्रीले त आफू आउनेबित्तिकै मेलम्चीले काठमाडौंको पानी समस्या समाधान गर्छ भनेका थिए, तर वर्ष दिन पुग्न लाग्दा पनि अधिकांश उपभोक्ता अझै निजी ट्यांकर, मिनरल वाटर वा महँगो निजी स्रोतमा निर्भर छन्।

तर मन्त्री यादवले देशभरीका खानेपानीका क्षेत्रमा नागरिकले प्रत्यक्ष रुपमा देख्ने र महसुस गर्ने गरी काम भइरहेको बताउँछन्। काम होस् या नहोस् अथवा कामले पूर्णता पाओस् या योजनाहरु अलपत्र परुन् तर यादव भने खानेपानी आयोजनाको शिलान्यास गर्न र कार्यक्रममा भाषण गर्न भने कहिले पछि पर्दैनन्।

यसैगरी उनले ७ असार गते मात्रै उनले नागार्जुन नगरपालिका वडा नं–४, ५ र ६ स्थित भैरबटोल सितापाइला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको नवनिर्मित कार्यालय भवनको उद्घाटन गरेका थिए।

यो त एउटा उदाहरण मात्रै हो। तर यस्ता भवन उद्घाटन, सिलान्यास गर्नु मन्त्रीको शौख जस्तो भएको छ। पूर्वको इलामदेखि पश्चिमको दार्चुलासम्म पुगेर उपभोक्ताको सहानुभूति बटुल्ने कामको व्यस्तताले मन्त्री यादवलाई कार्यकक्षमा भेट्न सकिदैन्।

बुढानीलकण्ठ नगरपालिका–४ मा निर्माण सम्पन्न खानेपानी आयोजनाको उद्घाटमा पनि उनले काठमाडौँ उपत्यकामा २४ सै घण्टा स्वच्छ र सुरक्षित खानेपानीको निरन्तर आपूर्ति हुन्छ भन्दै दमदार भाषण दिएका थिए।

भवन र सिलान्यास गर्दै जाँदा उनको भाषणमा कहिले नछुट्ने शब्द हो 'सरकार नागरिकहरूका स्वच्छ खानेपानीका अपेक्षा पूरा गर्नका लागि दृढतापूर्वक प्रतिबद्ध रहेको।'

उनले यस्तै बारा जिल्लाको कलैया उपमहानगरपालिकास्थित सिस्वा महेशपुर खानेपानी आयोजनाको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै देशभरीका खानेपानीका समस्या समाधान गर्दै जाने बताएका थिए। तर मधेस होस् या पहाड अथवा उपत्यका नै किन नहोस् जहाँ पूर्ण रुपमा नागरिकहरुले पानी उपभोग गर्न पाएका छैनन्।

यसैगरी खानेपानीमन्त्री यादवको एक वर्षे कार्यकाललाई एक शब्दमा वर्णन गर्नुपरे 'शब्द धेरै, काम सुस्त' भएको खानेपानी उपभोक्ताहरुको भनाइ छ।

मन्त्री यादवका लागि खानेपानी मन्त्रालयको कुर्सी मिठा भाषण गर्ने, रिबन काट्ने हतारिने थलो बनेको देखिन्छ। देशभर दर्जनौँ आयोजनाको उद्घाटन, शिलान्यास र कार्यक्रममा उनी सहभागी भए—तर ती मध्ये कति कार्यान्वयन भए, कति अलपत्र छन् भन्नेमा मन्त्रीको चासो देखिदैन्।

राष्ट्रिय शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपालका अध्यक्ष खेमराज ओली नेपालीहरुले पिउने ८० प्रतिशत पानी पिउन योग्य नभएको, खानेपानीमै सरकारले २५ कर लिने गरेको बताउँछन्।

'खानेपानीमा कर फ्रि भनियो तर कार्यान्वयन भएको छैन्। खानेपानी क्षेत्रका काठमाडौं खानेपानी, शहरी विकास खानेपानी, ग्रामीण खानेपानी र संस्थानबिचै सरकारले विभेदकारी नीति लिएको छ,'मन्त्रीले यस्ता संवेदनशिल विषयमा ध्यान दिनै सक्नुभएको छैन्। बर्षौंअघि सुरु भएका, ढिलागरी आयोजना सम्पन्न भएका परियोजनाहरुको उदघाटन गरेर समस्या समाधान हुँदैन्,'उनले भने।

खानेपानीमा कर लगाउनु नै अन्यायपूण रहेको भन्दै उनले भने,'कर लाग्ने भनेको कमाएको पैसाको, व्यापार गरेर कमाएको मुनाफाको कर तिर्ने हो। खानेपानी समिति व्यापारी होइन। खातामा पैसा बचेको देख्यो भने २५ प्रतिशत कर लगाउँछ। विद्युत महुसल, कर्मचारी खर्च र ऋणको व्याज तिर्न राखेको पैसामा कर लगाउने अनि मन्त्री चुइँ नबोल्ने परिपाटी नै गलत छ,'उनले भने।

यादवकै कार्यकालमा आएको आगामी आर्थिक वर्ष २०८२।८३ का लागि आएको बजेटमा करिब रु ३४ अर्ब बजेट विनियोजन गरेर सङ्घ, प्रदेश, स्थानीय तह र समुदायको सहकार्यमा प्रशोधित खानेपानी उपलब्ध गराउन सात प्रदेशका सात सहरमा नमुना आयोजना सञ्चालन गरिने कार्यक्रम राखिएको छ। एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिने बताइएको छ।

मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स पुनःनिर्माण गरिने, सुन्दरीजलमा दैनिक थप २५ करोड ५० लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्रको निर्माण गरिने, तराई मधेसका २८० अधुरा खानेपानी आयोजनाको निर्माण सम्पन्न गरिने, लिफ्ट प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराउँदा लाग्ने विद्युत् महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको, ठुला खानेपानी आयोजना सम्पन्न भई ३७ प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी सेवा उपलब्ध गराउने लगायतका धेरै कार्यक्रम प्रभावकारी देखिपनि मन्त्रीको कार्यशैली र स्टन्टबाजी जस्तो देखिने देश दौडाहाले उपभोक्तालाई उत्साहित बनाएको छैन्।

यादवले ग्रामीण तथा सहरी क्षेत्रका खानेपानी योजनालाई तीव्रता दिँदै सन् २०३० सम्म देशभरका नागरिकलाई शुद्ध खानेपानी पुर्याउने लक्ष्यमा केन्द्रित गरी काम गरिरहेको दाबी गरेपनि कर्मचारीहरुप्रति अनुदार हुँदा घोषणा गरिएका कार्यक्रमहरुमा पनि सुस्तता देखिएको छ।

खानेपानी माथि लगाउँदै आएको आय कर, विद्युत महशुलमा छुट देखि स्वदेशमै ब्लिचिङ पाउडर उद्योग खोल्ने सम्बन्धि बिषयको संकल्प प्रस्ताव राष्ट्रिय सभाबाट सर्वसहमत पारित भइसकेको खण्डमा यसबारे मन्त्री यादवको भूमिका कस्तो हुन्छ त्यो भने हेर्न बाँकी छ।

मन्त्री यादवले आफ्नो कार्यकालमा दुई दर्जनबढी आयोजनाहरुको उद्घाटन, शिलान्यास र अनुगमन गरेर निर्देशन दिन भने भ्याएका छन्। उनले खानेपानीलाई मौलिक अधिकारको रूपमा स्वीकार गर्ने अभिव्यक्ति अनेकौं पटक दिएका छन् तर त्यो अधिकार जनताले अनुभव गर्न सकेका छैनन्। खानेपानी मन्त्रालय जस्तो जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा निष्क्रियता देखाउनु मन्त्री यादवका लागि मात्र नभई समग्र सरकारका लागि पनि असफलताको संकेत हो।

अब मन्त्री यादवको कार्यकाल बाँकी छ। अझै पनि उनले आफूलाई सुधार्ने अवसर पाउनेछन्। तर त्यसका लागि जरुरी छ—सोचमा आमूल परिवर्तन, व्यवहारमा पारदर्शिता, र काममा नतिजामूलकता।रासस

# विद्यार्थीलाई पढाईसँगै सिप



**म्याग्दी**

बेनी नगरपालिका–४ सिङ्गा तातोपानीमा रहेको सरस्वती माविको कक्षा ८ का विद्यार्थी जोन पुनको ‘हाउस वायरिङ’सम्बन्धी तालिम लिएपछि आत्मविश्वास बढेको छ ।

‘घर, समाजमा दिनानुदिन आवश्यक पर्ने व्यवहारिक सिप हासिल गरेपछि भविष्यमा काम नपाएर बेरोजगार हुनुपर्ला भन्ने चिन्ता हटेको छ,’ उहाँले भने ‘आधारभूत सिपले घर, छिमेकमा आवश्यक पर्दा काम फुकाउन सक्ने र भविष्यमा आफैँ स्वरोजगार बन्न पनि सकिन्छ ।’

बेनी नगरपालिकाको ‘उइ क्यान, उइ डु’ (हामी सक्छौ, हामी गर्छौ) कार्यक्रममार्फत सरस्वती माविको ८, ९ र १० कक्षाका १९ जना विद्यार्थीलाई २० दिनसम्म घर तथा भवनमा वायरिङ गर्ने सिप सिकाइएको थियो ।

बेनी–८ कालीपुलमा रहेको बालमन्दिर माविको कक्षा ९ का विद्यार्थी आस्विम किसान ४ बजे विद्यालय छुट्टी भएपछि थप दुई घण्टा पलम्बीङसम्बन्धी सिप सिकेर छ बजे घर जान्छन ।

आस्मिनजस्तै कक्षा ८, ९ र ११ मा पढ्ने १६ जना विद्यार्थीले उनिहरुको रुचीअनुसार २१ दिने पलम्बीङसम्बन्धी सिप सिकिरहेका छन् । खानेपानीको पाइपलाइन तान्ने, जमिनमा गाड्ने, जोड्ने, धारा, भान्छाकोठा, शौचालय, शयनकक्षमा धारा जडान गर्ने विषयमा व्यवहारिक सिप सिक्न पाउँदा उत्साहित भएको किसानले बताए ।

बेनी सामुदायिक विद्यालयले सञ्चालन गरेको कपाल काट्ने तालिममा सहभागी कक्षा ११ का सुयोग रेग्मीले घरपरिवारका सदस्यको कपाल काटेपनि खर्च बचत हुने र भविष्यमा व्यवसाय सञ्चालनका लागि सिकेको सिपले सहज हुने बताउउछन ।

‘भविष्यमा केही काम र कतै रोजगारी नपाएपछि यही कपाल काट्ने पेशा गरेर पनि जीवन चलाउन सकिन्छ भनेर आत्मविश्वास बढेको र सम्भावना देख्न थालेको छु,’ उनले भने ‘आफैँले ब्यवसाय नगरेपनि घरका अभिभावक, आफन्त र बालबच्चाको कपाल काट्न शैलुन जानु नपरेपछि खर्च र समयको बचत हुन्छ ।’

विहीबार समापन भएको तालिममा कक्षा ८, ९ र ११ का २५ जना छात्र–छात्रा सहभागी थिए । सरस्वतीका जोन, बालमन्दीरका आस्विन र बेनी सामुदायिकका सुयोग जस्तै बेनी नगरपालिकाको मावि तहका विद्यार्थी हिजोआजा विभिन्न सिपमुलक तालिम लिइरहेका छन् । बेनी नगरपालिकाले ‘हामी सक्छौँ, हामी गर्छौँ’ कार्यक्रममार्फत विद्यार्थीहरुलाई पढाइसँगै सिप सिकाउने व्यवस्था मिलाएको हो ।

बेनीमा रहेका १६ वटा माध्यमिक विद्यालय मध्य१४ वटाले सिपमुलक तालिम सञ्चालन गरेका छन । चालु आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले उक्त कार्यक्रमका लागि प्रत्येक विद्यालयलाई एक÷एक लाख रुपैयाँका दरले १६ लाख रुपैयाँ बजेट बिनियोजन गरेको थियो ।

नगरपालिकाको अनुदानबाट तालिम सामग्री खरिद, प्रशिक्षक भत्ता र सहभागीलाई खाजाको व्यवस्था मिलाएका छन् । बिहान बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ । ३३० जना विद्यार्थी सीपमूलक तालिममा सहभागी भएका नगर शिक्षा अधिकृत कमल ढकालले बताए ।

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सिप सिकाउन ‘हामी सक्छौँ, हामी गर्छौँ’ कार्यक्रम सञ्चालन भएको हो । विद्यार्थी र शिक्षालाई सिप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको नगर प्रमुख सुरत केसीले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/०८० मा १० वटा विद्यालयमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी भएपछि २०८०/०८१ र २०८१/०८२ देखि नगरपालिकामा रहेका १६ वटै माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । विद्यालय तहको शिक्षा हासिल गरेको विद्यार्थीले शिक्षासँगै केही न केही सिप लिएर समाजमा पुगोस भन्ने अवधारणा अनुसार कार्यक्रम अघि सारिएको नगर प्रमुख केसीले बताए ।

विद्यालयले ‘हाउस वायरिङ’, ‘पलम्बीङ’, ‘हेयर कटिङ’, भित्तेलेखन, यान्त्रिक हलो मर्मत, ‘सर्वे क्याम्प’ बाँसबाट सजावटका सामान बनाउने, सौन्दर्यकला, च्याउ र खुर्सानी खेतीसम्बन्धी सिप सिकाउन तालिम सञ्चालन गरेका छन् ।

बेनी नगरपालिका–१० पाल्लेखेतस्थित दिपक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा अध्ययन गर्ने २३ जना विद्यार्थीहरुले सामुहिक रूपमा ‘केन्ये’ जातको च्याउ खेती गरेका छन् । बेनी नगरपालिका–९ तोरीपानीको गलेश्वर माविले प्राविधिक धारतर्फ सिभिल इञ्जिनियरीङ विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई ‘सर्वे क्याम्प’ मार्फत भवन, सडक, पुलको सर्वे गर्ने व्यवहारिक सिप सिकाएको छ ।

सोही वडाको नेप्टेचौरमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयका १५ जना विद्यार्थीका लागि कपाल काट्ने सिप प्रदान गरिएको शिक्षक रामचन्द्र पौडेलले बताए । जामुनाखर्क १५ जनालाई सौन्दर्यकला, पुलाचौरको जनकल्याण माविले २६ जनालाई बाँसबाट सजावटका सामान बनाउने तालिम सञ्चालन गरेको छ ।

पौलत्स्य मावि भिरमुनीले २१ जनालाई मिनिटेलर (यान्त्रिक हलो) मर्मतसम्बन्धी सिप सिकाएको छ । बेनीको प्रकाश मावि, अर्जमको रामचन्द्र मावि र धवलागिरी माविले हाउस वायरिङसम्बन्धी तालिम चलाएका छन् । प्रकाश माविमा ३०, रामचन्द्रमा ३३ र धवलागिरी माविमा २३ जना सहभागी भएका छन् । भकुण्डेको अर्जुन माविले सञ्चालन गरेको १५ दिने भित्तलेखन तालिममा ३१ जना सहभागी छन् ।

भकिम्लीको जयन्ति माविका २५ जना विद्यार्थीहरुले अकवरे जातको खुर्सानी खेती गरेका छन् । विद्यार्थीले सिकेका सिपको व्यवहारमा प्रयोगमा ल्याएर उद्यम व्यवसाय गर्नु भन्दा पनि वैदेशिक रोजगारीतर्फ बढ्दो आकर्षण यस कार्यक्रमको प्रमुख चुनौति हो । आधारभूत तहको सिप सिकेकालाई ब्यवसाय बन्न चाहेमा विद्यालय अथवा नगरपालिकाले विउपुजीको ब्यवस्था गरेर ‘पढ्दै कमाउदै गर्ने’ कार्यक्रममा जोड्न सकेमा थप प्रभावकारी हुने बालमन्दिर माविका प्रअ सुरेन्द्र केसीले बताए ।रासस

# भोजपुरको दावा बजारमा खानेपानीको पहुँच



**भोजपुर ।**

यहाँको नगरपालिका–४ दावामा ‘दावा बजार खानेपानी’ आयोजना सञ्चालन भएपछि स्थानीयलाई सहजता भएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले यहाँ ५० घरमा ‘एक घर एक धारा’ निर्माण गरेपछि स्थानीयलाई सहजता भएको हो ।

दावा बजार क्षेत्रमा रहेको पानीको हाहाकारलाई ध्यानमा राख्दै आयोजना निर्माण सम्पन्न भएपछि यहाँको पानीको समस्या हल भएको निर्माण उपभोक्ता समितिका अध्यक्ष कमल प्रधानले जानकारी दिए । आयोजना सम्पन्न पश्चात यहाँका ५० घरमा धारा जडान गरेर पानी वितरण भइरहेको उनको भनाइ छ ।

‘दावा खानेपानी आयोजना सञ्चालनमा आएको छ’अध्यक्ष प्रधानले भने, ‘यो आयोजनाबाट ५० घरमा पानी जडान गर्न सफल भएका छौँ । अहिले यो क्षेत्रमा पानीको समस्या छैन ।’

दावा बजार खानेपानी आयोजना सम्पन्न भएसँगै यहाँका स्थानीयको वर्षौंदेखीको पानीको समस्या अन्त्य भएको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भोजपुरका प्रमुख आशुतोष ठाकुरले बताए । यहाँ कार्यालयको करिव ६० लाख रुपैयाँलागतमा आयोजना निर्माण गरिएको प्रमुख ठाकुरको भनाइ छ । यो आयोजनाको मुख्य लाइन चार किलो मिटर र वितरण लाईन चार दशमलव ५ किलोमिटर रहेको कार्यालयले जनाएको छ ।

‘दावा खानेपानी आयोजना सञ्चालनमा आइसकेको छ’ प्रमुख ठाकुरले भने, ‘आयोजना सञ्चालन पश्चात यहाँका नागरिकको वर्षौंदेखिको पानीको समस्या हटेको छ । हामीले यो आयोजनाको थलगत अनुगमन पनि गरेका छौँ ।’ पानीको समस्या समाधानको लागि जिल्लाका विभिन्न ठाउँमा खानेपानी आयोजना निर्माणको काम धमाधम भइरहेको प्रमुख ठाकुरको भनाइ छ ।

दावा बजार खानेपानी आयोजना सञ्चालनमा आएपछि घण्टौँ लगाएर पानीको जोह गर्नु पर्ने समस्यमाबाट मुक्त भएको स्थानीयबासी लक्ष्मी भण्डारीले बताए । आधा रातदेखि लाइनमा बसेर टाढाको धारा, कुवाबाट पानी ल्याउनु पर्ने अवस्थाको अन्त्य भएको उनको भनाइ छ ।

‘दावा क्षेत्रमा पानीको धेरै नै समस्या थियो’ उनले भने, ‘पानीको जोह गर्न हामीलाई धेरै समय लाग्थ्यो । अहिले घर घरमा धारा जडान भएपछि हाम्रो पुस्तौदेखीको समस्या हटेको छ ।’ घरमा धारा जडान भएपछि सरसफाईसँगै घरको दैनिक कामकाजमा सहजता भएको उनको भनाइ छ ।रासस

# देशभर धमाधम रोपाइँ जारी

**काठमाडौँ ।**

समयमै मनसुन सुरु भएपनि यस पटक धान रोपाइँ देशभर १७ दशमलव दुई प्रतिशत क्षेत्रमा मात्रै भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यही असार १४ गतेसम्म सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी अर्थात् ४० प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ । कर्णाली प्रदेशमा २३ दशमलव नौ प्रतिशतमा धान रोपाइँ सम्पन्न भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, धानको भण्डारको रुपमा परिचित मधेश प्रदेशमा भने सबैभन्दा कम अर्थात् आठ दशमलव दुई प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

यसैगरी कोशी प्रदेशमा १३ दशमलव सात प्रतिशत, वाग्मतीमा १९ दशमलव छ प्रतिशत, लुम्बिनीमा १८ दशमलव पाँच प्रतिशत धान रोपाइँ भएको छ । त्यस्तै, गण्डकी प्रदेशमा १२ दशमलव चार प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ ।

सरकारले धान उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ सहज रुपमा रासायनिक मल उपलब्ध गराउने र उन्नत बीउको प्रबन्ध गरेको छ । सयममै मनसुन समेत शुरु भएकाले यस बर्ष उल्लेख्य रुपमा धान खेती हुने अपेक्षा गरिएको छ ।

नेपालमा करिब १४ लाख हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती गरिन्छ । देशभरका ७७ जिल्लामध्ये ७५ जिल्लामा धान खेती हुने गरेको छ । कुल खेतीयोग्य जमिनको करिब ५० प्रतिशत क्षेत्रमा धान खेती गरिने तथ्यांक छ ।रासस

# राम्चेमा योजनाको काम निर्धारित समय अगाबै सम्पन्न

**म्याग्दी ।**

म्याग्दीको अन्नपूर्णगाउँपालिका– ८ राम्चेमा शतप्रतिशत योजनाको काम निर्धारित समय अगाबै सकिएको छ । चालु आर्थिक वर्ष २०८१ /८२ मागाउँपालिका र वडा कार्यालयमार्फत सञ्चालन भएका पूर्वाधार निर्माण योजना गत जेठ अगावै सम्पन्नभएका हुन् । यस वर्ष वडाभित्र करिब एक करोड रुपैयाँ बढी बजेटबाट सडक, पदमार्ग, भवनलगायतका पूर्वाधार निर्माण गरिएको वडा अध्यक्ष खमबहादुर गर्बुजाले जानकारी दिए ।

‘वडाबाट छनौट भएका र पालिकाबाट थपभएर आएका योजना सतप्रतिशत कार्यान्वय भएका छन्, हामीले जेठमै सबै योजनाको काम सकेका थियौँ, पालिकाबाट जनप्रतिनिधि र प्राविधिकले अन्तिमअनुगमन गरेपछि अहिले भुक्तानीको काम भइरहेको छ,’ उनले भने । उपभोक्ता समिति, समुदाय र जनप्रतिनिधिको सक्रियताले वडामा भित्रिएको बजेट फिर्ता हुने र निर्माणकार्यमा ढिलासुस्तीको समस्या हटेको वडा अध्यक्षगर्बुजाले जानकारी दिए ।

यस वडामा चालु आर्थिक वर्षमा दुई ठूला गौरवका योजना सञ्चालन भएका थिए । पर्यटकीय बस्तीको रूपमा परिचित नाङ्गीगाउँमा २० लाख रुपैयाँ बजेटबाट खेलमैदाननिर्माण गरिएको छ । हिमाञ्चल माध्यमिक विद्यालय परिसरमा विद्यार्थी र स्थानीय युवालाई लक्षित गरी फुटबल खेल सञ्चालन गर्न सकिने क्षमताको खेलमैदानको आधार भूतपूर्वाधार निर्माण भएको छ ।

त्यसैगरी राम्चे गाउँमावडा कार्यालय भवनमा तलाथपको लागि वडा र पालिकामार्फत विनियोजन भएको २५ लाख रुपैयाँ र जिल्ला समन्वय समिति तथा पालिकाको लागत साझेदारीमा ८ लाख रुपैयाँ बराबरको भौतिक संरचनानिर्माणका कामसमेत सम्पन्न भएको वडा अध्यक्षगर्बुजालेजानकारीदिए । नाङ्गीदेखि राम्चे आउने थावनमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत पदमार्ग निर्माण र परम्परागत ढुङ्गे साँघु मर्मत गरिएको छ । थावन स्थित दोबिल्नाखोलामा रहेको जिर्ण ढुङ्गे साँघु मर्मत रपदमार्ग निर्माणले सर्वसाधारणलाई सहजभएको स्थानीयवासी रबि गर्बुजापुनले बताए । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत थावन र महभिरदेखि धार्मिक पर्यटकीयस्थल

करबाकेलीथानजोड्ने बाटोमा ढुङ्गाको सिढी चिनेरकरिब २५६ मिटर पदमार्ग निर्माण भएको छ ।

ढुङ्गा चिनेर स्थानीय स्रोत, साधन र जनशक्तिको प्रयोग गरी पदमार्ग निर्माण भएको प्रधानमन्त्री रोजगार कार्यक्रमका प्राविधिक सहायक निश्चलराजचोखालले जानकारी दिए । यसै वर्ष वडा नं ८ को काफलडाँडामा घाट जाने बाटोमा आठ लाख रुपैयाँ बजेटबाट करिब ४०० मिटर पदमार्ग निर्माण गरिएको छ । चालु आर्थिक वर्षमा यस वडाको नाङ्गीमा युवाक्लबको भवनमर्मत, काफलडाँडामा देउराली युवाक्लबको भवन निर्माण भएको छ ।

वडाभित्र सञ्चालित सडक निर्माण योजनामार्फत आलडाँडादेखि नाकाजोड्ने सडकमा ७०० मिटर र बासुर क्षेत्रमा एक हजार २०० मिटर नयाँ सडकको ट्याकनिर्माण भएको निर्माण भएको वडाका प्राविधिक शम्भुकुमार यादवले जानकारी दिए । उनकाअनुसार यस वर्ष थपना देउराली बालविकास भवनको घेरावार, काफलडाँडा आधारभूत विद्यालयमा सिलिङ निर्माण, महभिर सिँचाइ पोखरी मर्मतलगायतका भौतिक पूर्वाधार निर्माण गरिएको छ । रासस

# युक्रेनको ओडेसामा रूसी ड्रोन आक्रमण दुई जनाको मृत्यु, १४ घाइते

**किभ**

युक्रेनको ओडेसा क्षेत्रमा शुक्रबार राति भएको रूसी ड्रोन आक्रमणमा दुई व्यक्तिको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्, जसमा बालबालिकाहरू पनि समावेश छन् ।

ओडेसाका गभर्नर ओलेग किपरले टेलिग्राममार्फत जानकारी दिँदै ‘आवासीय भवनमा भएको यस आक्रमणबाट उद्धारकर्ताहरूले दुई जना नागरिकको शव निकाल्न सफल भएका छन्,’ बताए । उनका अनुसार घाइतेमध्ये तीनजना बालबालिका रहेका छन्, जसको अवस्था सार्वजनिक गरिएको छैन ।

यसैबीच, युक्रेनको दक्षिणी खेरसोन क्षेत्रमा पनि पछिल्लो २४ घण्टामा रूसी आक्रमणका कारण एक व्यक्तिको ज्यान गएको र तीन जना घाइते भएको पुष्टि भएको छ । खेरसोनका गभर्नर ओलेक्जान्द्र प्रोकुडिनले रूसी सेनाले सामाजिक तथा महत्वपूर्ण पूर्वाधार र बस्ती क्षेत्रहरूलाई निशाना बनाएको जानकारी दिए ।

सन् २०२२ देखि जारी द्वन्द्वले युक्रेनमा ठूलो मानवीय क्षति पुर्‍याउँदै आएको छ । लाखौं मानिस विस्थापित भएका छन् भने हजारौंको ज्यान गइसकेको छ ।

शान्ति स्थापनाको लागि अमेरिकाको पहलमा सुरु गरिएका वार्ता प्रक्राहरू हाल स्थगित छन् । रुसले युक्रेनलाई भूभाग सुम्पिनुपर्ने र पश्चिमी सैन्य सहायता त्याग्नुपर्ने शर्त राखेको छ, जुन युक्रेनी पक्षका लागि स्वीकार्य छैन ।रासस/एएफपी

# इजरायलसँगको युद्धमा मारिएका इरानी शहीदहरूलाई राष्ट्रिय श्रद्धाञ्जली

**तेहरान**

ईरानले शनिबार राजधानी तेहरानमा इजरायलसँगको १२ दिन लामो युद्धमा मारिएका करिब ६० जनालाई राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्न सुरु गरेको छ । मृतकमध्ये उच्च सैनिक अधिकारीदेखि वैज्ञानिक, महिला र बालबालिकासम्म रहेका छन् ।

राजधानीको एङ्गेलाब चोकमा बिहान ८ बजेबाट सुरु भएको राष्ट्रिय श्रद्धाञ्जली समारोहमा हजारौं सर्वसाधारणले शान्तिपूर्ण रूपमा भाग लिँदै राष्ट्रिय झण्डा र शहीदहरूको तस्बिर बोकेर सम्मान प्रकट गरेका थिए ।



इरानको स्वास्थ्य मन्त्रालयका अनुसार, सो युद्धमा इरानी पक्षबाट ६२७ जना सर्वसाधारणको मृत्यु भएको छ भने इरानको आक्रमणबाट २८ जना इजरायली नागरिकको ज्यान गएको इजरायली पक्षले जनाएको छ । यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सर्वोच्च नेता आयतोल्लाह खामेनेईप्रति सार्वजनिक रूपमा व्यक्त गरेका भनाइहरूलाई लिएर इरानले तीव्र आपत्ति जनाएको छ । इरानी परराष्ट्र मन्त्री अब्बास अराघचीले पारस्परिक सम्मान नभएसम्म कुनै पनि कूटनीतिक संवाद सम्भव नहुने स्पष्ट पारे ।

श्रद्धाञ्जली दिइएका प्रमुख व्यक्तिहरूमा मेजर जनरल मोहम्मद बाघेरी, वैज्ञानिक डा. मोहम्मद मेहदी तेहरान्ची र कमाण्डर होसैन सलामी रहेका छन्, जसका परिवारका सदस्यहरु समेत आक्रमणमा मारिएका थिए । इरानले युद्धविरामपछि वार्ताको सम्भावना नकार्दै आफ्नो क्षमतामा गम्भीर क्षति नभएको बताएको छ भने इजरायलले विश्व समुदायलाई इरानलाई परमाणु हतियार बनाउनबाट रोक्न आह्वान गरेको छ ।

दुवै मुलुकले युद्धपछि आफूलाई विजेता घोषणा गरे पनि कूटनीतिक तिक्तता अझै कायमै देखिएको छ । यस्ता परिस्थितिमा, दीर्घकालीन शान्ति र स्थायीत्वका लागि संयमता, सहमति र सम्मानजनक संवाद अनिवार्य देखिन्छ ।रासस÷एएफपी

# ‘ड्रागन फ्रुट’ खेतीतर्फ आकर्षित हुँदै सुर्खेतका किसान



**सुर्खेत ।**
सुर्खेतमा ड्रागन फ्रुटको सम्भावनाले किसानलाई नयाँ आशा दिएसँगै यहाँका किसान ड्रागन फ्रुट खेतीतर्फ आकर्षित हुँदै गएका छन् । जिल्लामा ड्रागन फ्रुटको सम्भावना देखिएपछि ४५ जना किसानले व्यावसायिक खेती सुरु गरेका हुन् ।

वीरेन्द्रनगर–८ का कृष्ण अधिकारीले चार वर्षदेखि ड्रागन फ्रुटखेती गर्दै आएका छन । कोरिया पढ्न जानुभएका अधिकारी पढाइ सकेर नेपाल फर्केपछि काठमाडौँमा कोरियन भाषा पढाउन सुरु गरे पनि उनलाई आफ्नै माटोले तान्यो । कृषि पेसामा केही गर्छु भन्ने योजनासहित उनले ड्रागन फ्रुटको खेती सुरु गरेका थिए ।

अहिले अधिकारीको आम्दानीको स्रोत ड्रागन फ्रुट बनेको छ । करिब ४० लाख लागत लागेको बताउँदै उनले ड्रागन फ्रुट, कुरिलो, फूल र मौरीपालन गरेको जानकारी दिए । अधिकारीले वीरेन्द्रनगर–११ ग्रागेतालमा २३ कट्ठा जमिन भाडामा लिएर कर्णाली ड्रागन कृषि तथा पशुपक्षी फार्म दर्ता गरी व्यावसायिक खेती सुरु गरेका हुन । उनले २० कट्ठामा ड्रागन र बाँकीमा जग्गामा कुरिलो, फूल र मौरीपालन गर्दै आइरहेको बताए ।

सुरूवातमा सात सय ५० पोलमा तीन हजार ड्रागनका बिरुवा लगाएको जनाउँदै अधिकारीले फार्ममा हाल नौ सय पोलमा तीन हजार ६०० बेर्ना उत्पादनमूलक बनेका बताए । बिरुवाले एक वर्षमा उत्पादन दिने हुँदा लगानी छिटो उठ्ने उनको भनाइ छ ।

उनले भारतबाट ‘सियाम रेड’ जातका ड्रागनका बेर्ना ल्याएर खेती सुरु गरेका थिए । वार्षिक एक लाख रुपैयाँ भाडा तिर्ने उक्त जमिन अहिले अधिकारीको आम्दानीको स्रोत बनेको छ । ड्रागनको उत्पादन जेठदेखि मङ्सिरसम्म हुने गर्दछ । कोपिला आएको ३५ दिनमा फल बजार पठाउन सकिन्छ ।

यो वर्ष पहिलो सिजनमा एक सय ५० किलो फल उत्पादन भइसकेको अधिकारीले जानकारी दिए । ‘दोस्रो सिजनको फल बजार पठाउन सुरु भइसकेको छ । यस सिजनमा २० क्विन्टलभन्दा बढी उत्पादन हुने अनुमान छ’, उनले भने ।

गत वर्ष ६० क्विन्टल फल बिक्री गरेर २२ लाख रुपैयाँ आम्दानी गरेको अधिकारीले जानकारी दिए । यस वर्ष उत्पादन बढेर एक सय क्विन्टल पुग्ने अनुमान गरिएको भन्दै करिब ३० लाख रुपैयाँ को कारोबार हुने अपेक्षा गरिएको उनले उल्लेख गरे । ‘खुद्रा बजारमा प्रतिकिलो चार सय र थोकमा तीन सय ५० रुपैयाँ मा बिक्री हुँदै आएको ड्रागनको माग दिनानुदिन बढ्दो छ । एक पटक लगाएको ड्रागनको बिरुवाले २० वर्षसम्म फल दिन्छ‘, उनले भने ।

ड्रागनसँगै उहाँले कुरिलो खेती गर्नुभएको छ । चैतदेखि भदौसम्म फल दिने यो वनस्पति एकपटक लगाएपछि १० वर्षसम्म उत्पादन दिन्छ । यस वर्ष मात्रै कुरिलो बिक्री गरेर उनले ६० हजार रुपैयाँ आम्दानी गरेको बताए । कुरिलो प्रतिकिलो छ सय रुपैयाँमा बिक्री हन्छ ।

मौरीपालन सुरु गर्न परीक्षणमा तीन घार मौरी राखेको बताउँदै अधिकारीले यस वर्ष मौरीको घार विस्तार गरी ६० वटा पु¥याउने योजना रहेको जानकारी दिए । उनले भने, ‘अहिले मौरी परीक्षणका लागि तीन घार मात्र राखेका छौँ । उत्पादन प्रशस्त हुने अपेक्षा छ । यस वर्ष मौरीको घार ६० सम्म पु¥याउने तयारीमा छौँ ।’

कृषिमा आत्मनिर्भर हुँदै जानुभएको अधिकारीले फार्ममा एक जनालाई स्थायी रोजगारी पनि दिएका छन । उनलाई मासिक १७ हजार रुपैयाँ तलब दिने गरेको अधिकारीले बताए । उनका अनुसार ड्रागन र कुरिलोका बिरुवा उत्पादन र बिक्रीबाट वार्षिक मात्र एक लाख ५० हजार रुपैयाँ आम्दानी हुने गरेको छ ।

अधिकारी जस्तै वीरेन्द्रनगर–१२ की पद्मा रावत ड्रागन फ्रुटको खेतीमा रमाउन थालेको पाँच वर्ष भयो । विसं २०७७ मा मालिका कृषि तथा ड्रागन फ्रुट फार्म स्थापना गरी श्रीमान् वीरबहादुर बुढा र उनले खेती गर्ने योजना बनाएका थिए । विसं २०७७ चैतमा बिरुवा लिन भारतको गुजरात पुगे । त्यतिबेला कोरोना सङ्क्रमण महामारीका रूपमा फैलिएको थियो । कोरोनाका कारण वीरबहादुरको विसं २०७८ वैशाख १७ गते मृत्यु भएपछि रावतले व्यवसायलाई निरन्तरता दिँदै आएका हुन ।

रावतले छ सय ५० पोलमा दुई हजार ६०० बिरुवाबाट सुरु गर्नुभएको ड्रागन फ्रुटको खेती अहिले एक हजार ४०० पोलमा पाँच हजार ६०० बिरुवा पुगेका छन् । वार्षिक तीन लाख तिर्नेगरी जग्गा १५ वर्षका लागि सम्झौता गरी भाडामा लिएको उनले जानकारी दिए ।

‘यस वर्षको पहिलो सिजनको ड्रागन बजार पठाउन सुरु भएको छ । अहिलेसम्म दुई क्वीटल बिक्री गरिसकेकी छु । एउटा बोटले आठ पटकसम्म उत्पादन दिन्छ । एउटा खम्बामा चार वटाका दरले बिरुवा रोप्ने गरिन्छ । यो फलको मूल्य अहिले केही घटेको छ, पहिला जस्तो अहिले आम्दानी हुँदैन तर आफूलाई घर खर्च र छोराछोरीको पढाइ खर्च पुगेको छ’, उनले भने ।

वर्षमा छ रुपैयाँ लाखसम्म आम्दानी हुने गरेको रावतले जानकारी दिए । उनले भने, ‘नयाँ रोपेका बिरुवाले फल दिने समय नभएकाले आम्दानी कम भएको हो । ड्रागनका बिरुवा बिक्री गरेर वार्षिक तीन लाख रुपैयाँ आम्दानी हुन्छ’, उनले भने । उनले फार्ममा तरकारी, फूलका बेर्ना लगाउनुका साथै कुखुरा र बाख्रापालन पनि गर्दै आएका छन ।

कर्णाली ड्रागन उत्पादन महासङ्घ, कर्णाली प्रदेशका अध्यक्ष महेन्द्र खनालले पछिल्लो समय सुर्खेतका किसान ड्रागन खेतीतर्फ आकर्षित हुन थालेका बताए । उनका अनुसार अहिले सुर्खेतमा ४५ जना किसानले ड्रागन फ्रुटको खेती गर्दै आइहेका छन । उनका अनुसार करिब ७० हेक्टर क्षेत्रफलमा ड्रागन फ्रुटको खेती भइरहेको छ ।

खनालका अनुसार हाल उत्पादन भएका ड्रागन सुर्खेतमा बिक्री हुनुका साथै नेपालगञ्ज र काठमाडौँसम्म पठाइने गरिएको छ । सरकारी तथा निजी क्षेत्रको सहकार्यमा बजार पहुँच, भण्डारण सुविधा र प्रविधिको पहुँच सुनिश्चित गरिएमा ड्रागन फ्रुट खेतीले कर्णाली प्रदेशको कृषि व्यवसायलाई नयाँ उचाइमा पुऱ्याउन सक्ने अध्यक्ष खनालले बताए । रासस

# झापामा डेङ्गी सङ्क्रमण बढ्न थालेपछि ‘खोज र नष्ट गर’ अभियान सुरु



**झापा ।**
गत वैशाखयता जिल्लामा डेङ्गी सङ्क्रमण बढ्न थालेपछि ‘खोज र नष्ट गर’ अभियान सुरु गरिएको छ । गत वैशाखदेखि असार १३ गतेसम्म जिल्लामा ६१ जनामा डेङ्गी सङ्क्रमण देखा परेको हो ।

बिर्तामोड नगरपालिकाअन्तर्गत स्वास्थ्य शाखाका महामारीजन्य रोग नियन्त्रण रोकथाम कार्यक्रम संयोजक ओम खड्काका अनुसार बिर्तामोडमा ५४, दमक नगरपालिकामा एक र गौराहद नगरपालिकामा छ सङ्क्रमित फेला परेका हुन् ।

‘बिर्तामोडमा डेङ्गी सङ्क्रमण उच्च देखिएको छ’, उनले भने, ‘यहाँ अन्य जिल्लाबाट उपचारका लागि आउने बिरामीको परीक्षण गर्दा सङ्क्रमणदर उच्च देखिएको हो ।’ जिल्लामा चालु आर्थिक वर्षको असार १३ गतेसम्म एक हजार दुई सय ९१ जना डेङ्गी सङ्क्रमित फेला परेका खड्काले जानकारी दिए ।

यसैबीच, डेङ्गी सङ्क्रमण बढ्न थालेको भन्दै बिर्तामोडमा लामखुट्टेको लार्भा ‘खोज र नष्ट गर’ अभियान सुरु गरिएको छ । नगरपालिकाको सहभालहमा आज ‘डेङ्गीसहित विभिन्न किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्न सरोकार भएकासँग अभिमुखीकरण’ कार्यक्रम आयोजना गरी उक्त अभियानको सुरुआत गरिएको हो ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख नगेन्द्र सङ्ग्रौलाले अभियानको शुभारम्भ गर्दै रोग लाग्नुभन्दा लाग्न नदिने वातावरण सिर्जना गर्न सबैले सहकार्य र समन्वय गरी सचेत हुनुपर्ने बताए । नगर क्षेत्रमा रहेका सहकारी, बैंकलगायत सङ्घसंस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत महामारीजन्य रोग नियन्त्रण सहकार्य गर्न उनले सबैलाई आग्रह गरे ।

बिर्ता बजार क्षेत्रमा रहेका मोटरसाइकल ग्यारेज, पसललगायत सम्भावित स्थानमा गएर लार्भा नष्ट गरिएको छ । अभिमुखीकरण कार्यक्रममा नगरका १० वटै वडाका आधारभूत स्वास्थ्य केन्द्रलाई महामारीजन्य रोग नियन्त्रणका लागि ‘पोर्टेबल महामारी किट’ वितरण गरिएको नगर उपप्रमुखसमेत रहनुभएका सङ्ग्रौलाले जानकारी दिए ।

अभिमुखीकरण कार्यक्रममा नगरका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक अजय पौडेलले प्रस्तुतीकरण दिँदै मनसुन सुरु भएसँगै किटजन्य महामारीको सङ्क्रमण उच्च हुने भएकाले सम्भावित जोखिमबाट बच्न सबै सचेत हुनुपर्ने बताए ।

‘अन्य किटभन्दा लामखुट्टेको जोखिम बढी छ’, उनले भने, ‘छ प्रकारका रोग लामखुट्टेले सार्छ, यसको समयमा नियन्त्रण गर्न सकिएन भने छोटो समयमा महामारीका रूपमा फैलिन सक्छ ।’ बिर्तामोडमा पाँच वर्षयता मलेरिया नदेखिएको जनाउँदै जनस्वास्थ्य निरीक्षक पौडेलले कालाजार र जापानिज इन्सेफ्लाइटिसका बिरामी एक÷एक जना भेटिएका उल्लेख गरे ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर विष्टले जलवायु परिवर्तनका कारण डेङ्गी सङ्क्रमण पुसमा देखिएकाले यसको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सबै लाग्नुपर्ने आवश्यकता रहेको औँल्याए ।

पत्रकार महासङ्घ झापाका उपाध्यक्ष सुब्रत न्यौपानले डेङ्गी नियन्त्रणका लागि विद्यालयस्तरबाट अभियान सञ्चालन गरेर विद्यार्थी र अभिभावकलाई सचेत गराउनुपर्नेमा जोड दिए ।

केहो डेङ्गी ?

एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गी एक प्रकारको ज्वरो हो । यसले स–साना सफा पानी जमेको स्थानमा फूल पार्ने गर्दछ । डेङ्गीको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो । यो ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ ।

‘ज्वरोका साथै असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा माङ्सापेसीहरू दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्नेलगायतका लक्षण देखापर्न सक्छन’, जनस्वास्थ्य निरीक्षक पौडेलले भने । यस्ता लक्षण देखापरेमा तत्काल चिकित्सकको सल्लाह लिई स्वास्थ्य परीक्षण गर्नुपर्ने उनले सुझाव दिए ।रासस

# धवलागिरिको केन्द्र जोड्ने सडक स्तरोन्नति गरिँदै



**म्याग्दी ।**
म्याग्दीको धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने सडक स्तरान्नतिसम्बन्धी आयोजना कार्यान्वयनमा आएको छ ।

गण्डकी प्रदेश र सङ्घीय सरकारको साझेदारीमा मालिका गाउँपालिकाको केन्द्र दरवाङबाट धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने सडक ५२ करोड रुपैयाँ बढीको लागतमा कालोपत्र गर्न लागिएको हो ।

गण्डकी प्रदेशसभाका सांसद रेशमबहादुर जुग्जालीले पूर्वाधार विकास कार्यालयले ठेकेदार कम्पनी छनोट गरी ठेक्का सम्झौता गरेपछि सडक स्तरान्नतिसम्बन्धी आयोजना कार्यान्वयनको चरणमा प्रवेश गरेको जानकारी दिए ।

‘मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको दरवाङ–मुना–ढोरपाटन सडक स्तरोन्नतिका लागि ९२ करोड ९२ लाख रुपैयाँको स्रोत सुनिश्चितता भएको थियो‘, उनले भने, ‘आयोजनामार्फत दरवाङ–धारापानी (सात किलोमिटर) र झिनडाडा–मुना (चार किलोमिटर) अस्फाल्ट प्रविधिको कालोपत्रसहित ढलान हुनेछ ।’ गण्डकी प्रदेशमार्फत म्याग्दीमा भित्रिएको हालसम्मका आयोजनामध्ये यो सबैभन्दा ठूलो र बढी बजेटको रहेको जुग्जालीले जानकारी दिए ।

जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले प्रशासनिक खर्चबाहेक ६७ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजना कार्यान्वयनका लागि ठेक्का प्रतिस्पर्धाका क्रममा सिम्रन÷सक्षम जेभीले सबैभन्दा कम ५२ करोड ८० लाख ५३ हजार रुपैयाँ बोलकबोल गरेपछि यही असार ११ गते ठेक्का सम्झौता भएको जानकारी दिए ।

‘सङ्घीय र प्रदेश सरकारको (समपूरक) ५०÷५० प्रतिशत लागत साझेदारी रहने यस आयोजनाको ठेक्का अवधि २७ महिनाको छ’ उनले भने, ‘सङ्घीय र प्रदेश सरकारले चालु आर्थिक वर्षमा २४ रुपैयाँ बजेट विनियोजन गरेको यस आयोजनाका लागि आगामी आवका लागि २३ करोड २२ लाख रुपैयाँ विनियोजन भएको छ ।’

केहीदिनमा कार्यक्षेत्रमा परिचालित भएर सडक स्तरोन्नतिका लागि प्रारम्भिक चरणको काम थाल्ने ठेकेदार कम्पनीका प्रतिनिधिले बताएका छन् ।

उक्त सडकअन्तर्गतको धवलागिरि गाउँपालिका–७ धारापानीबाट ताकम हुँदै झिनडाँडा खण्डको चार किमी दूरीको सडक कालोपत्र, ढलान र ग्राभेलका लागि गत वर्ष १४ करोड ६१ लख ६१ हजार रुपैयाँ मा ठेक्का सम्झौता भएको थियो । उक्त आयोजनाको निर्माण कम्पनी रामसागर÷बिएस धवलागिरि जेभीले करिब ५५ प्रतिशत भौतिक प्रगति गरेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

म्याग्दीको मङ्गला मालिका, धवलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा–काठमाडौँ आवतजावत गर्न ७० किलोमिटर छोटो पर्ने भएकाले जुग्जालीले प्रदेशको पूर्वभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको नेतृत्व गरेका बेला विसं २०८० माघमा यो सडकलाई सङ्घीय समपूरक आयोजनामा समावेश गराउने निर्णय गराएका थिए ।

‘बेनीबाट मङ्गला हुँदै मालिका गाउँपालिकाको केन्द्र दरवाङ जोड्ने २४ किमी सडक कालोपत्र गर्ने काम अन्तिम चरणमा पुगेको छ’, जुग्जालीले भने, ‘अबको तीन वर्षभित्र दरवाङबाट मुनासम्मको सडक पक्की बनाउने छौँ ।’

मुना हुँदै मरेनीबाट जलजला र ढोरपाटन जोड्ने सडकको केही दिनअघि मार्ग खुलेको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । सङ्घीय सरकारले मरेनीबाट जलजला ढोरपाटन जोड्ने सडकका लागि चालु आवमा विनियोजन गरेको छ करोड ५० लाख रुपैयाँ बजेटले आयोजनामार्फत सडकको मार्ग खोल्न ठेक्का लगाइएको थियो ।रासस

# ‘सदरमुकाम भद्रपुरको गाथा’ पुस्तक सार्वजनिक



**झापा ।**
भद्रपुरको इतिहासलाई उजागर गर्दै पत्रकार गोपाल गिरीद्वारा लेखिएको पुस्तक ‘सदरमुकाम भद्रपुरको गाथा’ सार्वजनिक गरिएको छ ।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष शिव गाउँले भद्रपुर नगरपालिकाको सभाहलमा शुक्रबारआयोजित कार्यक्रममा सो पुस्तकको सार्वजनिक गरेका हुन ।

पुस्तकमा भद्रपुरको गाथामा जंगे पिलरको कथा, झापाको व्यथा र सय बर्षभन्दा अघिदेखिको भद्रपुरलाई जीवन्त राख्ने व्यक्तित्वहरुको समर्पण र साहसको सांराश रहेको उनले बताए ।

पुस्तकका लेखक गोपाल गिरीले डेढ सय बर्ष अघिको छरपस्टिएको इतिहासलाई समेटेर लिपिबद्ध र व्यवस्थित गर्ने प्रयास गरेको बताए । उनले यो पुस्तक संकलित ऐतिहासिक तथ्यहरुको समिस्श्रण रहेको, आफूले देखेको, सुनेको र महसूस गरेको कुरालाई उजागर गर्ने प्रयास गरेको बताए । कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोख्रेल, उपप्रमुख राधा कार्की, प्रेस काउन्सिलका प्रमुख अधिकृत झविन्द्र भुषाल, नेपाल पत्रकार महासंघका झापा अध्यक्ष एकराज गिरी र प्रेस क्लब भद्रपुरका अध्यक्ष राजवावु शंकरले पुस्तक भद्रपुरको बारेमा अध्ययन अनुसन्धान गर्नेहरुको लागि महत्वपूर्ण रहेको बताए । सो पुस्तकका वारेमा अग्रज पत्रकार चिन्तामणी दाहाल र तारामणी सापकोटाले टिप्पणी गरेका थिए ।रासस

# यौन उन्मादले विकृत बन्दै समाज

**मनोज माझी**
**सप्तरी ।**



सप्तरीको डाक्रेश्वरी नगरपालिका–८ का ३२ वर्षीय राजकुमार खंगको हत्यामा गाउँकै एक युवतीको संलग्नता रहेको खुलेको छ । आफ्नो पत्नी हुँदाहुँदै परस्त्रीसंगको अवैध सम्बन्धका कारण हत्या भएको अनुसन्धानबाट खुलेको हो । तीन दिनअघि राजकुमारको चक्कु प्रहार गरी घाँटी रेटेर हत्या गरिएको थियो । हत्या गरी फालिएको उनको मृत शरीर प्रहरीले बिहीवार बिहान डाक्रेश्वरी नगरपालिका–८ तथा राजगढ गाउँपालिका–४ को बीच सिमामा पर्ने लबका पोखरी किनारबाट अर्धनग्न अवस्थामा फेला पारेको थियो । हत्याको अनुसन्धानका क्रममा प्रहरीले डाक्रेश्वरी नगरपालिका–९ की २१ बर्षीया तुलसी देवी सरदारलाई छिमेकी जिल्ला सुनसरीको इनरुवा नगरपालिका–९ वबिया टोलबाट पक्राउ गरेको हो । शुक्रवार कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतमा पेश गरी उनलाई ५ दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनको साथबाट मृतक राजकुमारको मोबाइल तथा उनकै बयानका आधारमा हत्यामा प्रयोग गरिएको चक्कु लुकाएको ठाउँ घटनास्थल नजिकै रहेको लवका पोखरीबाट बरामद गरिएको प्रहरी नायव उपरीक्षक बस्नेतले जानकारी दिए । प्रारम्भिक बयानमै तुलसीले अपराध स्वीकारेको उनको भनाइ छ । थप कुरा अनुसन्धान टुङ्गयाएपछि सार्वजनिक गर्ने उनले बताए ।

स्रोतका अनुसार तुलसीका श्रीमान् रोजगारीको सिलसिलामा लामो समयदेखि विदेशमा छन् । स्थानिय स्तरका कालाकार समेत रहेका राजकुमार र तुलसी गाउँघरमा सांस्कृतिक कार्यक्रमहरुमा संगै काम गर्न थालेपछि नजिकिएका थिए । यसै क्रममा उनीहरुको फोनमा कुराकानी गर्ने क्रम पनि बढेको थियो । बीस दिनअघि घटनास्थल आसपासकै एकान्त स्थलमा दुबैजना मदिरा सेवन पनि गरेका थिए । आफूले अनिच्छा जाहेर गर्दा पनि जबर्जस्ती मदिरा खुवाएर राजकुमारले जबर्जस्ती करणी गरेको तुलसीको भनाइ छ । त्यसपछि दुवैजनाबीच मनमुटाव शुरु भएको थियो । तीन दिनअघि भएको पछिल्लो घटनामा 'जरुरी काम छ' भन्दै सोही स्थानमा राजकुमारले बोलाएको तुलसीले बताएकी छन् । फेरी पनि मदिरा सेवन गराई बलात्कार गर्ने हो कि भन्ने आशंका लागेर सुरक्षाका लागि चक्कु लुकाएर त्यहाँ पुगेको बताइएको छ । त्यहाँ पुगेपछि मदिरा सेवन गर्न राजकुमारले दवाव दिएको तर, आफूले मदिरा सेवन गरेको नाटक गर्दै ग्लासमा हालिएको सबै मदिरा लुकाएर खन्याइ दिएको उनको भनाइ छ । मदिरा सेवन गरि लठ्ठ भएका राजकुमारले बलात्कारको प्रयास गर्न थालेपछि आफूले लुकाई राखेको चक्कु निकालेर छाती र घाँटीमा प्रहार गरेको तुलसीले बताएकी छन् । चक्कु प्रहारबाट राजकुमारको मृत्यु भएपछि घट्नास्थलबाट करिव ५० मिटरसम्मको दुरीमा घिसारेर पोखरी डिलमा पुर्याई तुलसी भागेको प्रहरी अनुसन्धानले देखाएको छ । घटनाको अनुसन्धान गर्न मधेश प्रदेश प्रहरी कार्यालयबाट डग स्क्वाड टोली ल्याएर पनि अनुसन्धान गरिएको थियो । तर, त्यसबाट खासै संकेत फेला पर्न सकेन । प्रहरी नायव उपरीक्षक बस्नेत नेतृत्वको अनुसन्धान टोलीले विभिन्न कोणबाट हत्याको अनुसन्धान थालेपछि घटनाको तीन दिन भित्रै अभियुक्तको पहिचान सम्भव भएको हो ।

# धनुषाको चित्रपुरमा दुई दिवसीय आँप मेला




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषाको बटेश्वर गाउँपालिका–१ स्थित चित्रपुरमा शनिबारदेखि दुई दिवसीय 'चित्रपुर आँप मेला महोत्सव–२०८२' शुरु भएको छ । स्थानीयस्तरमै उत्पादित आँपको प्रवद्र्धन, व्यवसायिक बजार विस्तार र क्षेत्रीय पर्यटन प्रवाहलाई टेवा पुर्याउने उद्देश्यले असार १४ र १५ गते मेलाको आयोजना गरिएको हो ।

चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डको आयोजनामा सञ्चालित मेलामा तीन सय बिघा भन्दा बढी क्षेत्रफलमा लगाइएको आँप बगैंचाबाट प्राप्त फलको विविध प्रयोग तथा प्रदर्शन गरिँदैछ । निशुल्क आँप चाख्ने अवसर, बगैंचा अवलोकन र रुखबाट आँप टिप्ने अनुभव आकर्षणको केन्द्र बनेको मेला अवलोकनका लागि आएका आगन्तुकहरूलाई निशुल्क आँप खुवाउने, रुखबाट आँप टिप्ने अनुभव दिलाउने, बगैंचामा घुमाउने, विभिन्न जातका आँप चिनाउने शैक्षिक कार्यक्रम र बालबालिकाका लागि मनोरञ्जनात्मक झुला जस्ता गतिविधि सञ्चालन गरिएको छ ।

पत्रकार शैलेन्द्र क्रान्तिका अनुसार मेला हेर्न आउने आगन्तुकहरू साँच्चिकै 'फ्रूट टुरिज्म' को स्वाद लिइरहेका छन् । उनले भने, 'चित्रपुर मधेश प्रदेशमै सर्वाधिक आँप उत्पादन हुने क्षेत्रका रूपमा परिचित छ । यो मेलाले यहाँको सम्भावनालाई बजारसम्म पुर्याउने महत्वपूर्ण कदम हुनेछ ।' पूर्व–पश्चिम राजमार्ग अन्तर्गत ढल्केबर र जमुनिबासको बीचबाट करिब ४ किलोमिटर दक्षिणमा अवस्थित चित्रपुर विगत दशकयता मधेशकै चर्चित आँप उत्पादन केन्द्रको रूपमा स्थापित हुँदै आएको छ । यहाँका उत्पादनलाई स्थानीय अचार, अमोट, आमिल र जुसमा रूपान्तरण गर्दै व्यवसायिकीकृत गर्ने प्रयास स्थानीयस्तरबाट भइरहेको छ । गाउँमै उत्पादन, गाउँमै प्रदर्शन र गाउँमै अनुभव भन्ने अवधारणालाई मूर्तरूप दिँदै यो मेला स्थानीयस्तरमा कृषि पर्यटन (एग्रो टुरिज्म) को नयाँ आयामको थालनीको रूपमा हेरिएको छ ।

# सडक विस्तार माग्दै दोस्रो दिनको हस्ताक्षर अभियान सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज विकास युवा संघर्ष समितिको आयोजनामा वीरगंजको मुख्य सडक विस्तार (चौडा गर्ने) माग गर्दै शुरु गरिएको चरणबद्ध आन्दोलन अन्तर्गत हस्ताक्षर अभियान शनिबार दोस्रो दिनमा पुग्यो । वीरगंजको केन्द्र घण्टाघरमा आयोजित हस्ताक्षर अभियानमा उल्लेख्य संख्यामा विकासप्रेमी नागरिकहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरूले वीरगंजको ट्राफिक चाप, अव्यवस्थित पार्किङ र सवारी व्यवस्थापनको समस्या समाधानका लागि मुख्य सडक विस्तार अपरिहार्य रहेको बताएका थिए । समितिले सडक विस्तारको माग पूरा नभएसम्म संघर्ष जारी रहने स्पष्ट पारेको छ । सोही सन्दर्भमा आइतबार बिहान ८ बजे घण्टाघरमै तेस्रो दिनको हस्ताक्षर अभियान सञ्चालन गरिने जानकारी दिइएको छ ।

वीरगंज विकास युवा संघर्ष समितिले जारी विज्ञप्तिमा आइतबारको कार्यक्रममा वीरगंजका सम्पूर्ण विकासप्रेमी, नागरिक समाज, व्यापारी, बुद्धिजीवी, विद्यार्थी तथा सम्पूर्ण स्थानीयलाई अनिवार्य रूपमा उपस्थित भई अभियानलाई सशक्त समर्थन गर्न आग्रह गरेको छ ।

समितिका अनुसार वीरगंजको शहरी पूर्वाधार विकास, व्यवस्थित यातायात, आर्थिक गतिविधिको प्रवाह र जनजीवनको सहजता सुनिश्चित गर्न मुख्य सडक विस्तार आवश्यक र यथासम्भव चाँडो कार्यान्वयन हुनुपर्नेछ ।


## बालविवाह
सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध (संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।
बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"

जनहितमा जारी सन्देश
खेलकुद तथा समाज कल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम


# १०६ मध्ये ८९ विद्यार्थी फेल

**मधेशदृष्टि**
**सिरहा ।**




सिरहाको गोलबजार नगरपालिका अन्तर्गत रहेको जनता नमूना माध्यमिक विद्यालय, चोहर्वामा विगत सात वर्षदेखि राज्यबाट करोडौं रुपैयाँको लगानी हुँदै आएको भए पनि शैक्षिक नतिजा अत्यन्त निराशाजनक देखिएको छ । शुक्रबार सार्वजनिक माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को नतिजा अनुसार विद्यालयबाट परीक्षामा सहभागी भएका १०६ जना विद्यार्थीमध्ये ८९ जना ननग्रेड अर्थात् असफल भएका छन् ।

सफल हुनेहरू जम्मा १७ जना मात्र छन् । विद्यालयले 'नमूना विद्यालय' को मान्यता पाएर प्रत्येक वर्ष ठूलो मात्रामा सरकारी अनुदान पाउँदै आएको छ । तर, शिक्षण गुणस्तरमा सुधार नआएको स्थानियहरू गुनासो गर्छन् । उत्तीर्ण १७ मध्ये पनि १३ जनाले मात्र प्लस टु अध्ययनका लागि आवश्यक ग्रेड पाएका छन् भने बाँकी ४ जनाले अत्यन्तै न्यून अंक प्राप्त गरेका छन् । स्थानिय रामचन्द्र सिंह भन्छन्, 'विद्यालयमा शिक्षकको संख्या प्रशस्त छ । तर, पठनपाठनको गुणस्तर अत्यन्त कमजोर छ । शिक्षकहरू विद्यालयभन्दा बढी चोहर्वा दरवार र राजनीतिक गतिविधिमा व्यस्त छन् । नेताका नातेदारहरूलाई सरुवा गरेर ल्याइएको छ । यसले शिक्षाको स्तर खस्किएको छ ।' उनले विद्यालयमा साधन स्रोतको कमी नरहेको तर शिक्षण वातावरण राजनीतिक हस्तक्षेपका कारण कमजोर बनेको आरोप लगाए । 'चोहर्वा दरवारको प्रभावबाट विद्यालयलाई मुक्त नगरी सुधार सम्भव छैन,' उनले भने ।

विद्यालयका प्रधानाध्यापक ब्रह्मदेव महतोलाई नतिजाबारे प्रतिक्रिया माग्दा उनले छोटो प्रतिक्रिया दिँदै भने, 'हाम्रो विद्यालयको नतिजा साँच्चै बिग्रिएको छ । के भन्नु र? बोल्ने बाटै छैन ।'

# गहवामाईमा प्रसाद वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**

गहवामाई रथयात्राको उपलक्ष्यमा शनिबार साँझ गहवामाई मन्दिर प्रांगणमा भण्डारा (प्रसाद वितरण) भएको छ । रथयात्रा आयोजनामा जोडिएका सबै पक्षलाई समेट्दै भण्डारा गरिएको हो । कार्यक्रम ऐतिहासिक र सफल भएको समितिको निष्कर्ष छ ।

गहवामाई रथयात्रा मधेश प्रदेशकै पहिलो धार्मिक झाँकीसहितको सांस्कृतिक रथयात्रा भएको गहवामाई तीर्थ पर्यटन समितिका सचिव पप्पु गुप्ताले बताए । उनले रथ यात्राको सन्दर्भमा छपन्न भोग, भजन–कीर्तन, महाप्रसाद तथा भव्य भण्डारा कार्यक्रमको तयारी गरिएको जानकारी दिए । उनका अनुसार, शनिबार साँझ भण्डारा गरिएको छ । महाप्रसाद र भण्डारामा लाखौँ श्रद्धालुले सहभागी भएर प्रसाद ग्रहण गरेका छन् । समितिका अध्यक्ष श्याम पोखरेलका अनुसार, रथयात्रा तथा समग्र महोत्सवको अनुमानित खर्च २५ लाख रुपैयाँ छ । रथयात्रालाई अझ प्रभावकारी बनाउन समितिले रक्तदान र स्वास्थ्य शिविरजस्ता सामाजिक कार्यक्रमसमेत सञ्चालन गरेको थियो । समितिले रथयात्रा सम्पन्न भएपछि सम्पूर्ण आर्थिक विवरण पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने प्रतिबद्धता जनाएको छ । धार्मिक पर्यटन प्रवद्र्धन, सनातनी परम्पराको संरक्षण र सामाजिक एकता अभिवृद्धि गर्ने उद्देश्यले गरिएको गहवामाई रथयात्रा ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिकरूपमा महत्वपूर्ण कार्यक्रमको रूपमा स्थापित भएको आयोजकको विश्वास छ ।


## हार्दिक बधाई



नेपाल योङ इन्टरप्रेन्युर्स फोरमको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकामा युवा व्यवसायी, उद्यमी विश्वास प्रताप साहलाई सफल कार्यकालको सफलताको कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौँ ।
कार्यसमितिका सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

ध्रुव साह
अध्यक्ष

Tv BIRGUNJ | RADIO | मधेशदृष्टि राष्ट्रिय दैनिक


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन